का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ माघ २०७९,
आइतबार
15 January 2023,
Sunday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# अनुकुल पात्र खोज्दै प्रचण्ड

राष्ट्रपति र सभामुख एमालेले लिने सहमति भए पनि सबै दलले विश्वासको मत दिएपछि प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति र सभामुखमा साझा पात्र हुनु उचित हुने भनी राजनीतिक चार्तुयता देखाउन खोजेका छन् ।



मलाई विश्वासको मत दिने दलहरूको सर्वदलीय बैठक बोलाउँछु । सर्वदलीय सहमति बनाउने मेरो कोसिस छ । राष्ट्रपति, उपराष्ट्रपति, सभामुखबारे लिखित सहमति केही छैन । अब बस्ने सर्वदलीय बैठकले धेरै कुरा निर्धारण गर्छ ।

**प्रचण्ड**, प्रधानमन्त्री



निर्वाचनमा मतदाताले एउटा एलाइन्समा भोट हाल्छन । तर, काठमाडौं आइपुग्दा नपुग्दै एलाइन्सहरु भत्किन्छ । फेरि नयाँ ढंगले एउटा कोर्स सुरु हुन्छ । यस्तो स्थितिमा राजनीतिक स्थायित्वको खोजी हामीले कसरी गर्ने ?

**प्रदीप ज्ञवाली**
उपमहासचिव, एमाले

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, ३० पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिवार विभिन्न सञ्चारमाध्यमहरुका सम्पादकहरुसँग छलफल गरे । त्यसक्रममा उनले आफू नेतृत्वको सरकारको प्राथमिकता, विदेश भ्रमण, आर्थिक विकास र समृद्धिका योजना मात्रै सुनाएनन् । त्यसका लागि राजनीतिक आधार तयार पार्न र सत्ता साझेदार दलहरुमध्ये सबैभन्दा ठूलो दल नेकपा एमालेको प्रभावमा मात्रै आफू नचल्ने संकेत गरे ।

साथमा प्रधानमन्त्री प्रचण्डले आफूले पाएको विश्वासको मतको विषय छुटाएनन् । एमालेसहित सात दलको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले विश्वासको मत माग्दा कांग्रेससहित १० दलको विश्वास प्राप्त गरे । कांग्रेस संसदमा सबैभन्दा ठूलो दल हो । कांग्रेसले ८९ सिट जित्दा दोस्रो भएको एमालेको ७९ सिट छ । तेस्रो दल माओवादीको ३२ र चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीको २० सिट छ । राप्रपा १४ र जसपाको १२ सिट छ । नेकपा एकीकृत समाजवादीको १० सिट छ । लोसपा, जनमत, नाउपा लगायतका दलहरु पनि संसदमा छन् ।

सबैको साथ पाएपछि प्रधानमन्त्री प्रचण्डले सबैको साथ लिएर काम गर्ने संकेत गरेका हुन् । प्रधानमन्त्री बन्दा प्रचण्डले सभामुखमा एमाले र माओवादीमा आलोपालो गर्ने, राष्ट्रपति एमालेले लिने बताएका थिए । राष्ट्रपति र सभामुख एमालेले लिने सहमति भए पनि सबै दलले विश्वासको मत दिएपछि प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति र सभामुखमा साझा पात्र हुनु उचित हुने भनी राजनीतिक चार्तुयता देखाउन खोजेका छन् । अर्थात, उनले यी पदमा आफू अनुकुल पात्रको खोजी गरेका छन् । यसबारे प्रचण्डले प्रष्ट भनेका छन्, 'मलाई विश्वासको मत दिने दलहरूको सर्वदलीय बैठक बोलाउँछु । सर्वदलीय सहमति बनाउने मेरो कोसिस छ । राष्ट्रपति, उपराष्ट्रपति, सभामुखबारे लिखित सहमति केही छैन । अब बस्ने सर्वदलीय बैठकले धेरै कुरा निर्धारण गर्छ ।' प्रधानमन्त्री प्रचण्डले माघ ३ गते सर्वदलीय बैठक बोलाएका छन् । माघ ३ गते नै सभामुखको निर्वाचन तालिका सार्वजनिक हुँदैछ । माघ ५ गते सभामुखको निर्वाचन हुँदैछ । मुलुक गणतान्त्रिक शासन प्रणालीमा गएपछि सभामुखका लागि चौथो सभामुखको चुनाव हुन लागेको छ । सत्तारुढ दलहरुबीच सभामुख पद एमालेले आधा कार्यकाल सुरुमा पाउने सहमति छ । तर, प्रधानमन्त्री प्रचण्डले यस विषयमा लिखित कुनै सहमति नभएको भन्दै सर्वदलीय बैठकमा सहमतिको प्रयास हुने बताएका छन् ।

राष्ट्रपति र सभामुख कसले लिने भनी लिखित सहमति नभएको र सर्वदलीय बैठकमा सहमतिको प्रयास हुने भन्दै आफू अनुकुल पात्र खोज्दै गरेको संकेत प्रचण्डले गरेपछि प्रमुख सत्ता साझेदार दल नेकपा एमाले झस्किएको छ । एमाले नेताहरु राष्ट्रपति र सभामुख एमालेले लिने सहमति भए पनि सबै दलले विश्वासको मत दिएपछि प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति र सभामुखमा साझा पात्र हुनु उचित हुने भनी राजनीतिक चार्तुयता देखाउन खोजेका छन् । यस्तोमा संयमित नभए गठबन्धन टुट्न सक्ने त्रासमा एमाले नेताहरु देखिन्छन् ।

एमालेका उपमहासचिव प्रदीप ज्ञवाली मुलुकको राजनीतिक स्थायित्वका लागि पनि सत्तारुढ गठबन्धनलाई टिकाएर अघि बढ्नुपर्ने बताउँछन् । निर्वाचन अघिको गठबन्धन नटिक्ने र पछिको गठबन्धन

– बाँकी पृष्ठ २ मा

## कमजोर गठबन्धनको उल्झन

**अस्मिता बम / मध्यान्ह**
३० पुस, काठमाडौं ।

नागरिक उन्मुक्ति पार्टी तटस्थ बस्दा दोस्रोपटक चुनाव हुँदा पनि सुदूरपश्चिम प्रदेशसभाबाट सभामुख चयन हुन सकेन । सभामुख चयन गर्न शनिबार सुदूरपश्चिम प्रदेशसभामा मतमदान भएको थियो । तर कसैले पनि बहुमत नल्याउदा सभामुख चयन हुन सकेन । सभामुख पदका लागि नेपाली कांग्रेसका मानबहादुर रावल र नेकपा माओवादी केन्द्रका भीम भण्डारी उम्मेद्वार छन् । तर रावल र भण्डारीले समान २२/२२ मत ल्याए । ५२ सदस्यीय प्रदेशसभामा सभामुख बन्न २७ मत आवश्यक पर्छ ।

तर नागरिक उन्मुक्तिका ७ सांसद तटस्थ बस्दा रावल र भण्डारीले बहुमत ल्याउन सकेन । यसअघि बिहीबार भएको मतदानमा पनि दुवैले बहुमत ल्याउन सकेको थिएन । त्यसदिन भने एक मत बदर भएकाले भण्डारीले बहुमत ल्याउन सकेको थिएन । यदि त्यो मत बदर भएको थिएन भने भण्डारी सभामुख हुने थिए ।

सुदूरपश्चिम प्रदेशसभामा कांग्रेसका १९, माओवादी केन्द्रका ११, नेकपा एमालेका १०, नागरिक उन्मुक्तिका ७, एकीकृत समाजवादीका ४, राप्रपाका १ र स्वतन्त्र एक सांसद छन् । एक सांसद पनि एकीकृत समाजवादीका नेता हुन् । त्यसो हुँदा एकीकृत समाजवादीसँग ५ सिट हुन्छ । सुदूरपश्चिममा कांग्रेस र एकीकृत समाजवादी बाहेक अरु दल

– बाँकी पृष्ठ २ मा

## मध्यान्हको सीईओ तथा कार्यकारी सम्पादकमा तामाङ



*काठमाडौं / मस–* मध्यान्ह राष्ट्रिय दैनिकको प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी सम्पादकमा दीपेन्द्रविक्रम तामाङ नियुक्त भएका छन् । तामाङलाई २०७९ माघ १ गतेदेखि लागू हुनेगरी मध्यान्ह दैनिककी प्रकाशक सितादेवी श्रेष्ठले नियुक्त गरेकी हुन् । विगत २५ वर्षदेखि पत्रकारिता र मिडिया व्यवस्थापन क्षेत्रमा सक्रिय तामाङले पत्रकारितामा स्नातक र समाजशास्त्रमा स्नातकोत्तर गरेका छन् ।

*पछिल्लो ६ वर्ष जनता टेलिभिजनको प्रमुख कार्यकारी निर्माता तथा समूह सम्पादक रहेका तामाङसँग यसअघि नेपाल समाचारपत्र, न्यूज २४ टेलिभिजन, सिटिजन एफएम, रेडियो सगरमाथा, टाइम्स एफएम, इमेज च्यानल, सहयात्री मासिक, तामाङ टाइम्स, सिनेयात्री मासिक लगायतमा महत्वपूर्ण भूमिकामा काम गरेको अनुभव छ । महत्वपूर्ण सञ्चार माध्यमहरुमा सम्वाददातादेखि सम्पादकीय एवम् व्यवस्थापकीय नेतृत्व गरिसकेका तामाङले यो पत्रिकालाई थप गति दिन र उचाइमा पुर्‍याउने विश्वास मध्यान्ह दैनिकको सञ्चालक टीमले लिएको छ ।*

# सरकारले अझै पाएन पूर्णता

१० पुसमा प्रचण्ड प्रधानमन्त्री बनेका थिए । त्यसै दिन विना विभागीय मन्त्री भएकाहरु गाडीमा झण्डा हालेर हिड्न विवश छन् । तर, अझै सरकारलाई पूर्णता दिने विषयमा सत्ता साझेदार दलहरुका बीचमा सहमति जुटेको छैन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३० पुस ।



शनिवार सम्पादकहरुलाई बोलाएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ले मन्त्रिपरिषद् विस्तार केही दिनमा नै हुने बताए । उनले भनेका छन्, 'सत्ता साझेदार दलको समझदारीमा समस्या छैन । मन्त्रिपरिषद्बारे टुंग्याउन कठिन छैन । हामी सहमतिको नजिक छौं ।' तर, प्रचण्डले यो पहिलो पटक भनेका होइनन् ।

२६ पुसमा प्रतिनिधिसभाको विश्वासको मत लिएपछि उनले पत्रकारहरुसँग भनेका थिए, 'अब आज भोलिमै सरकारले पूर्णता पाउँछ ।' तर, प्रचण्डको सार्वजनिक प्रतिक्रिया व्यवहारत मिलिरहेको छैन् । प्रधानमन्त्री प्रचण्डको सचिवालय छिट्टै मन्त्रिपरिषदले पूर्णता पाउने दाबी गर्छ । त्यसको आधार दिँदै सचिवालयका अधिकारीहरु सत्ता साझेदार दलहरुमध्ये सबैभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भएको भेटघाटलाई देखाउँछ । ओली र प्रचण्डका बीचमा पटक-पटक भेटघाट भएको छ । मन्त्रिपरिषद विस्तारकै विषयमा छलफल भएको बताइन्छ । तर, फेरि पनि मन्त्रिपरिषद विस्तार भएको छैन् ।

१० पुसमा प्रचण्ड प्रधानमन्त्री बनेका थिए । त्यसै दिन विना विभागीय मन्त्री भएकाहरु गाडीमा झण्डा हालेर हिड्न विवश छन् । तर, अझै सरकारलाई पूर्णता दिने विषयमा सत्ता साझेदार दलहरुका बीचमा सहमति जुटेको छैन् । यहीकरण एमालेबाट मन्त्री बनेका बारा क्षेत्र नम्बर ३ बाट निर्वाचित सांसद ज्वालाकुमारी साह, बैतडीका सांसद दामोदार भण्डारी र

– बाँकी पृष्ठ २ मा

## हार्दिक निमन्त्रणा

**आदरणिय बैदेशिक रोजगार ब्यवसायी ज्यूहरु**

नेपाल बैदेशिक रोजगार ब्यवसायी संघको मिति २०७९ माघ ०६ गते सम्पन हुन गईरहेको निर्वाचनका लागी नेपाली काँग्रेसको शुभेच्छुक संस्था **नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन**को तर्फबाट आयोजना गरिने **उम्मेदवार घोषणा एवं चुनावी सभा नेपाली काग्रेसका केन्द्रिय सदस्य, प्रमुख सचेतक एवं पूर्वमन्त्री मा. रमेश लेखक ज्यू**को प्रमुख आतिथ्यतामा निम्न मिति स्थान र समयमा आयोजना हुन गईरहेको सहर्ष जानकारी गराउदैं उक्त सभालाई सफलता पूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागीतको लागी हार्दिक निमन्त्रणा गर्दछौ ।

**स्थान :** अनुपम फुडल्याण्ड बत्तिसपुतली काठमाडौ ।

**मिति :** २०७९/१०/०१ गते आईतवार

**समय :** दिउसो २: ३० बजे

**कमल काफ्ले**
महासचिव

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

## वैदेशिक रोजगार विशेष

## सत्तारुढ निकट व्यवसायीहरु मिलेर संघमा जान एमाले महासचिव पोखरेलको सुझाव



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० पुस

नेकपा एमालेका महासचिव शंकर पोखरेलले सरकारमा सहभागी दलहरु निकट व्यवसायीहरुबीच एकता गरेर नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रतिस्पर्धा गर्न सुझाव दिएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालद्वारा शनिबार सामाखुसीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै महासचिव पोखरेलले उक्त सुझाव दिएका हुन् । परिवर्तन चाहने र विकास

– बाँकी पृष्ठ २ मा


### लोकतान्त्रिकद्वारा आफ्ना आधिकारिक उम्मेदवारको सूची सार्वजनिक

**काठमाडौं / मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले आगामी माघ ६ गते शुक्रवार हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमिति निर्वाचनका लागि आधिकारिक उम्मेदवारको सूची सार्वजनिक गरेको छ ।

शुक्रबार भएको मनोनयनमा एशोसिएसनमा क्रियाशील धेरै व्यवसायीले विभिन्न पदमा उम्मेदवारी दर्ता गराएपछि एशोसिएसनले आफ्नो आधिकारिक उम्मेद्वारहरुको नामावली सार्वजनिक गरेको हो ।

– बाँकी पृष्ठ २ मा

### गणतान्त्रिकको कार्यवाहक अध्यक्षमा अधिकारी



**काठमाडौं / मस–** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको कार्यवाहक अध्यक्ष वरिष्ठ उपाध्यक्ष परमेश्वर अधिकारीले पाएका छन् । मञ्चका अध्यक्ष धनलाल

– बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि

**तालिम खुल्यो**

कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्स्ट्रक्सन

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
१ माघ २०७९, आइतबार
15 January 2023, Sunday

## सप्तरीमा बढ्यो चिसो

# कठ्यांग्रिएर तीन जनाको मृत्यु

आर एन यादव/मध्यान्ह
राजविराज, ३० पुस

सप्तरीमा हालसम्म चिसोका कारण कठ्यांग्रिएर तीन जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा राजविराज नगरपालिका वडा नम्बर ११ झल्लही स्थित रहेको रामजानकी मन्दिरका ९२ वर्षीय महन्थ बालगोविन्द दासको चिसोका कारण कठ्यांग्रिएर मृत्यु भएको हो ।

यसैगरी सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा नम्बर ४ बेल्हामा चिसोले कठ्यांग्रिएर ६५ वर्षीय कपलेश्वर सदाको मृत्यु भएको हो। यसअघि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४ का ४५ वर्षीय देवु सदाको चिसोले कठ्यांग्रिएर मृत्यु भएको थियो । विगत केही समययता सप्तरीसहित तराईका जिल्लाहरुमा बढेको अत्याधिक चिसोका कारण यहाँको जनजीवन निकै कष्टकर बन्दै गइरको छ।



**विपन्न परिवारलाई न्यानो कपडा**

जिल्ला प्रशासन कार्यालय सप्तरीले विपन्न परिवारलाई न्यानो कपडा वितरण शुरु गरेको छ । सप्तरीको महादेवा गाउँपालिका वडा नम्बर ४ का अति विपन्न २० परिवारलाई प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको नेतृत्वमा सिरक वितरण गरिएकोको हो । सिरक वितरण कार्यक्रममा महादेवा गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष जुगेश्वर साह, स्थानीय समाजसेवी लगायतको उपस्थिति रहको थियो। उक्त बस्तीका अति विपन्न मुसहर परिवारहरु न्यानो कपडा नहुँदा समस्या झेल्दै आएका थिए । प्रशासन कार्यालयले न्यानो कपडा वितरण गरेपछि उनीहरु खुसी भएका छन् । यसअघि राजविराज नगरपालिका वडा नम्बर ९ बिहारपुरस्थित मुसहर बस्तीका अति विपन्न २० परिवारलाई प्रमुख जिल्ला अधिकारी थापाको नेतृत्वमा कम्बल तथा सिरक वितरण गरिएको थियो ।

**आगो ताप्ने व्यवस्था**

तराईका जिल्लाहरमा लगातार चलेको चिसो हावाका कारण जाडो बढेको छ। चिसो हावासँगै बढेको शीतलहरले बालबालिका, वृद्धवृद्धा र विपन्न परिवार बढी प्रभावित भएका छन्। शीतलहरका कारण बालबालिकालाई विद्यालय जान समस्या हुन थालेको छ । जाडो मौसमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले राजविराजको विभिन्न ठाउँमा आगो ताप्ने व्यवस्था समेत मिलाएको छ ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको नेतृत्वमा प्रमुख सेनानी दुर्गाबहादुर थापा, प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी उपरीक्षक तिर्थराज पौडेल, वन कार्यालयका प्रमुख हेमन्तप्रसाद साहले जाडो छल्न राजविराजको विभिन्न ठाउँमा आगो ताप्ने व्यवस्था मिलाएका हो ।

गजेन्द्र नारायण सिंह अस्पताल राजविराज, अदालत, रुपनी मोड, जिल्ला प्रशासन कार्यालय, कारागार कार्यालय लगायतका विभिन्न ठाउँहरुमा आगो ताप्ने व्यवस्था मिलाइएको छ । यसले शीतलहरबाट बच्न ठूलो मद्दत पुऱ्याउने विश्वास लिएको प्रमुख जिल्ला अधिकारी थापाले बताए ।

# माघे संक्रान्ति पर्व मनाइँदै

मध्यान्ह संवाददाता
काठमाडौं, ३० पुस

देशभर आज माघे संक्रान्ति पर्व मनाइँदै छ। माघ १ गतेलाई नयाँ वर्षका रुपमा धुमधामका साथ स्नान, दान, एवं खानपिन र रमाइलो गरेर माघी पर्व मनाउने गरिन्छ। सूर्य उत्तरायण प्रवेश गर्ने दिन माघ १ गते थारु समुदायको नयाँ वर्ष अर्थात् माघी पर्व पर्दछ। यो पर्वलाई ठाउँअनुसार विभिन्न नाम पनि दिने गरिएको छ ।

माघ १ गतदेखि पाँच दिनसम्म धुमधामका साथ तराई क्षेत्रमा यो पर्व मनाइन्छ। माघ १ गते बिहानै जलाशयमा गई स्नान, पूजा गरी ठूलाबडा कहाँ गएर आशीर्वाद लिने परम्परा थारु समुदायको छ ।

बेलुका घरमा ठूला मुढा बालेर धुनी जगाउँछन् । धुनीको चारैतिर घरपरिवार र पाहुना बसेर खानपिन गर्छन् । यस दिनदेखि पाँच दिनसम्म उनीहरुले आफू स्वतन्त्र भएको अनुभव गर्छन्। यस अवसरमा सक्नेहरु चारधाम जाने र नसक्नेहरुले नजिकको तीर्थमा गई गच्छेअनुसार दीनदुःखीलाई दान गर्ने चलन छ । कुनै कारणवश श्राद्ध कर्म रोकिएकाले आजैका दिन श्राद्ध गर्नुपर्छ भन्ने मान्यता रहेको छ। तिलले स्नान गर्नु, तिलको तेल घस्नु, पितृलाई तिलयुक्त जल दिनु, तिल हवन गर्नु, तिल दान गर्नु र तिल खानु गरी जम्मा छ प्रकारले तिलको प्रयोग यस दिन जसले गर्छ त्यो असफल हुँदैन भन्ने विश्वास थारु समुदायमा छ । तिलको तेल घस्नाले शरीरको तापक्रम बढ्न गई जाडो कम हुन्छ भन्ने वैज्ञानिक मत छ । विशेषगरी तराईका थारुले चामल र मासको दालबाट बनाइएको खिचडी खाने हुनाले यस चाडलाई खिचडी भन्ने चलन पनि छ । थारु समुदायका मानिसले माघीका दिन खानका लागि पुसकै दिन अनदी चामलको जाँड बनाएर राख्ने गर्छन् । विवाह, यात्रा, बसाइँसराइका लागि माघीका समयमा साइत हेर्न नपर्ने चलन पनि थारु समुदायमा छ ।

सरकारले विसं २०७२ साउन २ गते निर्णय गरेर कमैया प्रथा उन्मूलन गरी त्यसै वर्ष माघ १ गतेदेखि कार्यान्वयनमा ल्याएपछि यस पर्वलाई स्वतन्त्रता दिवसका रुपमा समेत मनाइन्छ ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले माघ १ गतेलाई मकर (माघे) संक्रान्ति भनिन्छ । माघ १ गतेदेखि उत्तरायण शुरु हुने भएकाले दिनभन्दा रात छोटो हुँदै जान्छन् ।

# कतारमा मनाइयो माघ्या सकराटी



तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ३० पुस

मगरहरुको राष्ट्रिय प्रमुख सांस्कृतिक चाड माघ्या सकराटी (मगर मिनाम ल्हेस ५०१६)-२०२३ कतारमा भव्यरुपमा मनाइएको छ। नेपाल मगर संघ शाखा कतारको आयोजनामा शुक्रबार माघ्या सकराटी भव्यरुपमा मनाइएको हो ।

संघ कतारका अध्यक्ष विवेक पुलामी मगरको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कोषाध्यक्ष रेसम आले मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमका बारेमा संयोजक तथा सांगठनिक सचिव समीर थापा मगरले प्रकाश पारेका थिए ।

नेपाल तामाङ प्रवासी समाज, तमु (गुरुङ) समाज र तमु प्ये ल्हु संघ, किराँत राई यायोख्या, सुनुवार सेवा समाज, सिन्धुली सेवा समाज कतार, थारु कल्याणकारी सभा कतार च्याप्टरलगायतले पाहुना बोलाउने संस्कारअनुसार पाउर अर्थात् कोसेली प्रदान गर्दै खादा फेटाले कार्यक्रमका सभापतिलाई सम्मान गरेका थिए। कार्यक्रममा प्रमुख अतिथिसहित वाङ राजा र विभिन्न व्यक्तिहरुलाई फेटाद्वारा सम्मान गरिएको थियो भने पाण्डप थापा मगरले बाँसुरीको धुन बजाएर कार्यक्रमलाई सांगीतिक माहोलमा प्रवेश गराएका थिए ।

सांगीतिक प्रस्तुति अन्तर्गत रेखा मगर, शकुन्तला क्षेत्री, नन्सरा मगर, अनु मगर, कविता मगर, ललिता लामा, कुमारी तामाङ, सबिना मगर, सुनिता शेर्पा, धनमाया कुमाल, सुमित्रा मगर, शर्मिला पुन मगर, दिलु राना मगर, भूमिका राई, गीता भुजेल, माया भुजेल, कोपिला श्रेष्ठ, रितु मोते, मोहन मगर, दान राना मगर, नेत्र मगर, देवी भट्टराई र रबिन मगरले विभिन्न विधाका गीतहरुमा नृत्य पेश गरेका थिए । रोहित पुन मगर, गुना मगर, मानसिङ विक, आसा राई, विमल लिम्बू युगल र मनबहादुर मगरले आफ्ना गीतद्वारा उपस्थितलाई नचाएका थिए । कार्यक्रममा समीर मगर, याम सारु, मन बहादुर मगर, बुद्ध मगर, रिजन मगर, धन मगर, देवी मगर, सरोज मगर, दिलु राना, शकुन्तला क्षेत्री, कमला गुरुङ, सुमित्रा ठकुरी, माया तामाङ, खुम आले, निरोज मगर र अरुण मगरले प्रत्यक्ष कौराहा गीत पेश गरेका थिए। अभिमत पुन मगर, वसन्त मगर, सोनिया मगर, जनक मगर, रोहित पुन मगर, मोहन मगर र पाण्डप थापा मगरले अठार मगरातको मगर ड्रेस लगाएर झुम्या नृत्य पेश गरेका थिए । सांस्कृतिक विधाका सबै नृत्यको कोरीयोग्राफी जनक थापा मगर र टेक रसाइलीले गरेका हुन् ।

हरेक वर्ष मनाइँदै आइरहेको यो पर्वमा डोरी तानिने खेल अर्को आकर्षणको केन्द्रविन्दु बन्यो । कुल एघार टिम सहभागी रहेको प्रतियोगितामा दश टिमलाई पछि पार्दै जलेन्द्र शाही, नारायण अधिकारी, सुदिप श्रेष्ठ, राजेन्द्र श्रेष्ठ र जनक चौहानको टिमले प्रथम स्थान हासिल गरेको छ। विजियीलाई प्रमाण पत्रसहित भाले उपहार दिइएको थियो भने दोस्रो र तेस्रो हुने टोलीलाई समेत सम्मान गरिएको थियो ।

उक्त कार्यक्रममा बुद्धिजीवी, वैचारिक, जिल्ला संस्था, प्रदेश संस्थाका तर्फबाट विभिन्न वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए। आफ्नो शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि सुनुवारले जनजातिको एकता मगर संघमा प्रष्ट देखिएको बताए । सल्लाहकार सदस्य डिएन मगर र नरेश सिंजाली मगरले मिलेर सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति पुलामी मगरले मगरहरुको महत्वपूर्ण पर्वमा प्रवासमा देखिएको उपस्थितिप्रति गर्व गर्दै नेपालबाट चार जना कलाकार भिसाकै कारण ल्याउन असमर्थ भएको बताए ।

## कमजोर ...

एउटै खेमामा छन् । प्रदेशसभाको अंक गणितमा नागरिक उन्मुक्ति निर्णायक छ । तर नागरिक उन्मुक्तिले प्रधानमन्त्री प्रचण्डले आफ्नो माग पूरा गर्न तत्परता नदेखाएको भन्दै तटस्थ बस्ने नीति लिएको छ। यही निर्णयका कारण प्रदेशसभामा अप्ठ्यारो परिस्थिति बन्न पुगेको छ।

पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख चयन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ। त्यो भनेको माघ २ गतेभित्र सभामुख निर्वाचित भइसक्नुपर्नेछ। तर कमजोर सत्ता गठबन्धनको असर सुदूरपश्चिम प्रदेशसभामा देखिएको छ।

मुख्यमन्त्री भने एमालेका राजेन्द्र रावल निर्वाचित भएका छन्। एमाले र माओवादी केन्द्रबीच जुटेको सहमति अनुसार, यो प्रदेशमा सभामुख माओवादी केन्द्रको भागमा परेको छ।

## अनुकुल...

पनि टिकाउ नहुँदा मुलुक मारमा पर्ने उनको भनाइ छ।

'निर्वाचनमा मतदाताले एउटा एलाइन्समा भोट हाल्छन। तर, काठमाडौं आइपुग्दा नपुग्दै एलाइन्सहरु भत्किन्छ। र, फेरि नयाँ ढंगले एउटा कोर्स सुरु हुन्छ', उनी भन्छन्, 'यस्तो स्थितिमा राजनीतिक स्थायित्वको खोजी हामीले कसरी गर्ने ? एउटा असाध्यै ठूलो चुनौती हाम्रा सामू छ जस्तो मलाई लाग्दछ।'

## सरकारले ...

धनकुटाका सांसद राजेन्द्रकुमार राईको मन्त्रालय तोकिएको छैन । डा. चन्द्रकान्त राउत (सीके) को जनमत पार्टीबाट समानुपातिक सांसद अब्दुल खानले पनि मन्त्रालय तोकिएको छैन ।

सत्ता साझेदार दलहरु मन्त्रालय भागवण्डा मिलाउनमै केन्द्रीत छन्। जसअनुसार सबैभन्दा धेरै मन्त्रालय नेकपा एमालेले पाउने छ । दोस्रोमा नेकपा माओवादी केन्द्र, तेस्रोमा राष्ट्रिय स्वतन्त्र पार्टी र चौथोमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मन्त्रालय पाउनेछन् । प्रचण्डलाई प्रधानमन्त्री बनाउन ३ स्वतन्त्रसहित ७ दलले समर्थन गरेका थिए । प्रधानमन्त्रीसहित ८ मन्त्रालय बाँडफाँट भइसकेको छ। अब बाँकी १७ मन्त्रालय भागवण्डा गरिँदैछ । जसमा रक्षा, संघीय मामिला तथा सामान्य प्रशासन, कृषि तथा पशुपंक्षी विकास, वन तथा वातावरण, सञ्चार तथा सूचना प्रविधि, कानुन, न्याय तथा संसदीय मामिला, ऊर्जा, जलस्रोत तथा सिँचाइ, खानेपानी, परराष्ट्र, उद्योग, वाणिज्य तथा आपूर्ति, शिक्षा, विज्ञान तथा प्रविधि, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, युवा तथा खेलकुद, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सहरी विकास, स्वास्थ्य तथा जनसंख्या र श्रम, रोजगार तथा सामाजिक सुरक्षा छन्।

प्रधानमन्त्री सहित ८ मन्त्रालयको बाँडफाँट हुँदा माओवादीबाट २, एमालेबाट ५ र जनमत पार्टीबाट १ जना मन्त्री छन् । ११ पुसमा प्रधानमन्त्री प्रचण्डसहित माओवादीबाट उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्रीमा नारायणकाजी श्रेष्ठ नियुक्त भइसकेका छन्।

एमालेबाट उपप्रधान एवम् अर्थमन्त्री विष्णु पौडेल छन्। यस्तै विषयमा प्रधानमन्त्री र एमाले अध्यक्ष ओलीबीच पटक-पटक छलफल भएको छ। अनौपचारिक सहमति अनुसार एमालेले अब ४ मन्त्रालय पाउने छ । यस्तै माओवादी केन्द्रले ३ मन्त्रालय पाउने छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २ मन्त्रालय पाउने छ । तर, उसले कम्तीमा अब ३ मन्त्रालयको दाबी गरेको छ । रास्वपाले स्वास्थ्य, शहरी विकास, कानुन र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र कृषि मन्त्रालयमा आँखा लगाएको छ।

सत्ता साझेदार दलमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले २ मन्त्रालय पाउनेछ। तर, उसले चार मन्त्रालय दाबी गरेको छ। राप्रपाबाट अध्यक्ष राजेन्द्र लिङ्देनकै नेतृत्वमा सरकारमा सहभागी हुने तयारी छ। लिङ्देनले उपप्रधानसहित ऊर्जा मन्त्रालयमा रुचि देखाएका छन् । प्रचण्ड-ओलीले त्यसमा समझदारी बनाइसकेका छन्। यदि लिङ्देनले उर्जा नलिए शहरी विकास मन्त्रालय दिने तयारी छ । जनमत पार्टीले उद्योग मन्त्रालय पाइसकेकोले त्यही कायम गर्न खोजिएको छ । सत्ता साझेदारमध्ये नागरिक उन्मुक्तिलाई एक मन्त्रालय दिन प्रचण्ड-ओली तयार छन्। सत्ता साझेदारमा नभए पनि प्रचण्डलाई प्रधानमन्त्री बनाउन समर्थन गरेको जनता समाजवादी पार्टी (जसपा)लाई २ मन्त्रालय दिने तयारी छ । यसरी बाँडफाँट गर्दा बाँकी ३ मन्त्रालय रहन्छन् । प्रधानमन्त्रीलाई विश्वासको मत दिने नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई सरकारमा सहभागी गराउने प्रयास गर्ने तयारी छ।

एमालेले राष्ट्रपति र सभामुख दुवै लिने सहमति गरिसकेको छ। राष्ट्रपति चुनावमा माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी आए सजिलै चुनाव जितिने एमालेको विश्लेषण छ । तर, माधव नेपाल सहभागी हुन्छन् भन्ने ग्यारेन्टी छैन् । प्रचण्डलाई प्रधानमन्त्रीमा विश्वासको मत दिएपनि प्रतिपक्षी बेञ्चमा बसेको र कांग्रेससँगको गठबन्धनमै रहेकोले एकीकृत समाजवादी प्रचण्ड सरकारमा सहभागी हुने संभावना कम छ।

प्रधानमन्त्री प्रचण्डलाई समर्थन गरेका स्वतन्त्र तीनजना सांसदमध्ये कम्तीमा २ जनालाई मन्त्री बनाउने सम्भावना पनि छ। स्वतन्त्र सांसद योगेन्द्र मण्डल, अमरेशकुमार सिंह र स्वतन्त्र चुनाव जितेर आम जनता पार्टी गठन गरेका प्रभु साह पनि मन्त्री हुने सम्भावना छ । सातै दलबीच समझदारी बनाएर सकभर सरकारलाई समस्या नपर्नेगरी मन्त्रालय बाँडफाँट गर्ने नेताहरु दावी गर्छन्।

## सत्तारुढ ...

गर्छु भनेर हुटहुटी पाल्ने र ाष्ट्रिय स्वतन्त्र पार्टी तथा राष्ट्रिय प्रजातान्त्र पार्टीलाई सरकारमा रो जेको मन्त्रालय दिन तयार रहेको प्रसंग उल्लेख गर्दै महासचिव पोखरेलले संघको निर्वाचनमा पनि सोही अनुसार तालमेल हुन आवश्यक रहेको बताए। उनले भने, 'सरकारमा रहेका दल निकट व्यवसायीबीच एकता गर्न जरुरी छ, भोट किन खेर फाल्ने ? वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधान गर्न वर्तमान सरकार तयार छ भन्ने सन्देश दिन पनि संघमा बलियो नेतृत्व आउनुपर्छ।'

व्यवसायीलाई सम्बोधन गर्नुअघि मञ्चको नेतृत्व पंक्तिबाट संघको चुनावी समीकरणबारे जानकारी लिएका महासचिव पोखरेलले नेकपा माओवादी केन्द्र निकट व्यवसायीहरु मञ्चसँग मिलेर जाँदा उनीहरुलाई लाभ हुने दाबी गरे।

२०७४ सालको आम निर्वाचनको परिणाम उल्लेख गर्दै महासचिव पोखरेलले भने, '०७४ सालमा दुई बामशक्ति मिल्दा ३८ सिट जितेको माओवादी अहिले नेपाली कांग्रेससँग मिल्दा सिट १८ भयो, कोसंग मिल्दा फाइदा रहेछ, यो सन्देश सबैले बुझ्नुपर्छ। इतिहासबाट नसिक्नेलाई इतिहासले नै दण्डित गर्ने पुरानो उक्ति छ।'

त्यसैगरी महासचिव पोखरेलले नेकपा माओवादी केन्द्रसँग मिलेर सरकार बनेपछिको पहिलो चुनाव भएकाले पनि संघको निर्वाचनको नतिजाको विशेष महत्व भएको बताए।

नेकपा एमालेको नेपाल राष्ट्रिय उद्योग तथा व्यवसायी महासंघ अध्यक्षसमेत रहेका सांसद एलपी साँवा लिम्बूले चालू आर्थिक वर्षको पाँच महिनामा रेमिट्यान्स अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले बढेको र वैदेशिक रोजगारले मुलुकको कुल बजेटमा आधाभन्दा बढीको योगदान दिएको क्षेत्र भएकाले सरकार वैदेशिक रोजगार क्षेत्रप्रति संवेदनशील हुन पनि जरुरी रहेको बताए।

नेपाल कृषिप्रधान देशबाट रेमिट्यान्सप्रधान देशमा रुपान्तरण भइसकेको र रेमिट्यान्सका कारण मुलुकको गरिबी ४२ प्रतिशतबाट १८ प्रतिशतमा झार्न रेमिट्यान्सको महत्वपूर्ण योगदान रहेकाले वैदेशिक रोजगार क्षेत्र थप व्यवस्थित र सुरक्षित हुनुपर्ने उनको भनाइ थियो।

वैदेशिक रोजगार व्यवसायसँग जोडिएका होटल तथा ट्राभललगायतका क्षेत्रमा ३० अर्बको लगानी भएको ती क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्षरुपमा ३० हजारको आन्तरिक रोजगारी सिर्जना भएको तर वैदेशिक रोजगार व्यवसायी भौतिक आक्रमण तथा ऐन कानूनले सिर्जना गरेका समस्याको त्रासमा रहेकाले समस्याको समाधान हुनुपर्छ भन्ने पक्षमा आफू रहेको सांसद लिम्बूले बताए।

१७ वर्षअघि आफू संघको अध्यक्ष हुँदा देखिएका वैदेशिक रोजगारका कतिपय समस्या अहिलेसम्म पनि अपेक्षितरुपमा समाधान हुन नसकेको भन्दै सांसद लिम्बूले समस्याहरुको समाधानका लागि आफ्नोतर्फबाट पहल हुने बताए।

अध्यक्षका उमेदवार तथा मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीले व्यवसायीको हकहितका लागि आफूहरु निरन्तर उभिएका कारणले आफ्नो नेतृत्वको प्यानललाई मतदान गरेर संघ नेतृत्वमा जिताउनुपर्ने जिकिर गरे। व्यवसायीहरुले सुधारका लागि निरन्तर आवाज उठाउँदै आए पनि सरकारले ऐन, नियम नियन्त्रणमुखी बनाएकाले व्यवसायी मारमा परेको भन्दै भण्डारीले सरकारले कानूनी अंकुसमा नियन्त्रणमा राखेर सधैंभरी तर्साउने योजनामा देखिएकाले कतिपय समस्या संघको यसअघिको नेतृत्वको असक्षमताका कारणले समाधान हुन नसकेको दाबी गरे।

उनले व्यवसायीको इजाजतपत्र नवीकरण गर्न वार्षिकरुपमा सय जना कामदार नपठाए लाइसेन्स नवीकरण नहुने व्यवस्था संशोधनका लागि पार्टी महासचिवको ध्यानाकर्षण गराए । उनले भने, 'रोजगारदाताले माग नगरे पनि लाइसेन्स नवीकरणका लागि वार्षिक सय जना पठाउनुपर्ने ? नेकपा एमाले सरकारको मुख्य घटक भएकाले अव्यवाहिक निर्णय हटाउन पहल गरिदिन आग्रह गर्दछु।'

नेपाली कामदारको मागपत्र नेपाली दूतावसबाट अनिवार्यरुपमा प्रमाणीकरण गर्ने व्यवस्था गरिएको तर आकर्षक तलब सुविधा भएका युरोपेली देशमा नेपाली दूतावास नहुँदा मागपत्र प्रमाणीकरणमा समस्या रहेको र विभिन्न व्यवधान झेलेर प्रमाणीकरण गरिएका मागमा भिसा लगाउन भारत जानुपर्ने बाध्यताले नेपाली व्यवसायी समस्या रहेको, मानव तस्करी बढेकाले नेपालमै युरोपेली देशको कन्सुलर कार्यालय खोल्ने प्रवन्ध गरिदिन पनि उनले पार्टी नेतृत्वको ध्यानाकर्षण गराए।

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका खराबी हटाउनुपर्ने, फ्रि भिसा फ्रि टिकट पुनरावलोकन गर्नुपर्ने र व्यवसायीको कार्यालयमा युट्युबर क्यामरा लिएर आई सार्वजनिकरुपमा व्यवसायीलाई लाञ्छित गर्ने गतिविधि रोक्ने विषयमा पनि सरकार गम्भीर हुनुपर्ने उनको भनाइ थियो । भण्डारीले नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले संघ कब्जा गरेर संघ स्थापनाका उद्देश्य विपरीत काम गर्ने षड्यन्त्रमा लागेको आरोप लगाउँदै एकलौटी संघ कब्जा गरेर दुरुपयोग गर्ने प्रवृत्तिविरुद्ध व्यवसायीले मञ्चका उमेदवारलाई मत दिनुपर्ने उनको भनाइ थियो । भण्डारीले आफ्नो प्यानल निर्वाचित भए संघको भवन निर्माण गर्ने पनि प्रतिवद्धता जनाए।

मञ्चका संस्थापक अध्यक्ष सरोजकुमार पोखरेलले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या समाधान नहुनुमा संघका तत्कालीन अध्यक्ष विष्णु गैरेको निधन भएपछिको नेतृत्व जिम्मेवार रहेको आरोप लगाए। पोखरेलले भने, 'व्यवसायी संकटमा रहेको बेला संघमा रहेका लोकतान्त्रिक पक्षधर नेतृत्वबाट पदीय आकांक्षा पूर्ति गर्ने काममात्र भयो। एशोसिएसनको अकर्मणयताका कारणले संघ निर्वाचनमा अनावश्यक ढिलाइ हुँदा व्यवसायी असुरक्षित हुनुपऱ्यो।'

पोखरेले अगाडि थपे, 'व्यवसायीमाथि आक्रमण भयो, यो अवस्थामा पुऱ्याउने जिम्मेवार एशिसिएसन नेतृत्व हो । सानो परिमाणमा व्यवसाय गर्ने व्यवसायीको भवन बन्दा संघ किन भाडामा छ ? आउँदो निर्वाचनमा व्यवसायीले यस विषयमा गम्भीरताका साथ सोच्नुपर्छ।'

पोखरेलले संघको नेतृत्व सर्वसम्मतिमा चयन गर्ने प्रयास हुँदा एक जनाको उम्मेदवारीले सहमति भाँडिएको भन्दै केही व्यवसायीले हामी बलियो छौं भन्ने दम्भ राख्दा सहमति हुन नसकेको बताए। उनले वैदेशिक रोजगार क्षेत्रका समस्या समाधानका लागि देशको मियो पार्टीका रुपमा स्थापित नेकपा एमालेको विचारमा आस्था नराख्नेले पनि प्रगतिशील मञ्चका उम्मेदवारलाई जिताउनुपर्ने जिकिर गरे।

कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य भानुभक्त ढकाल, सांसद फारुक अहमद सिराज, वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका अध्यक्ष किसन प्रधान, वैदेशिक रोजगार व्यवसायी तमुधीका अध्यक्ष तीर्थबहादुर गुरुङलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन मञ्चका पूर्वअध्यक्ष टंकबहादुर राउतले गरेका थिए।

मञ्चले अरोरा ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक राजेन्द्र भण्डारीको नेतृत्वमा ओमेगा पावर माइण्डस प्रा.लि.का सञ्चालक डिक बहदुर खत्री (कुमार) प्रथम उपाध्यक्ष, अलकरीम ह्युमन रिसोर्सेज प्रा.लि.का सञ्चालक सन्जु गुरुङ द्वितीय उपाध्यक्ष र सिम्रिक ओभरसिज प्रा.लि.का सञ्चालक रोशन कटुवाललाई तृतीय उपाध्यक्षको उमेदवार बनाएको छ।

त्यसैगरी महासचिवमा एशिया लिंक सर्भिसेज प्रा.लिका सञ्चालक मिलन कट्टेल, सचिवमा जेजे ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक राजेन्द्र अधिकारी, कोषाध्यक्षमा रिलायन्स रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.की सञ्चालिका सरिता घलेलाई उम्मेदवार बनाएको छ।

सदस्यहरुमा न्यू अल्फा एच आर सर्भिसेज प्रा.लि.का सञ्चालक बैकुण्ठ प्रसाद पौडेल (वैभव), माउन्टेन ग्रुप इन्टरनेशनल प्रा.लि.का सञ्चालक देउमान नेम्वाङ (डि.एम. सुब्बा), स्प्रिङ नेपाल ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक शिबहरि मैनाली (सितल), अल हाया ओभरसिज प्रा.लि का सञ्चालक आनन्दप्रसाद कोइराला, मशारेक इन्टरनेशनल सर्भिसेज प्रा.लि.का सञ्चालक खेमनाथ गौतम उम्मेदवार रहेका छन्।

सदस्यका अन्य उम्मेदवारहरुमा अल सोलुशन इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक मोहनप्रसाद आचार्य, ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक राजेन्द्र बस्नेत, रोयल इन्टरनेशनलका जनकलाल बस्तोला, क्यारियर इन्टरनेशनल प्रा.लि.का सञ्चालक श्यामचन्द्र खतिवडा र सुफी इन्टरनेशनल सर्भिसेज प्रा.लि.का सञ्चालक उमेश महतो रहेका छन्।

## लोकतान्त्रिकद्वारा...

एशोसिएसनले निर्वाचन हुने ७ जना पदाधिकारीमध्ये अध्यक्ष उम्मेदवारमा कुमुद खनाल, प्रथम उपाध्यक्षमा किशोरकुमार केसी, द्वितीय उपाध्यक्षमा अखतर हुसेन, तृतीय उपाध्यक्षमा सञ्जय पनेरु, महासचिवमा मेघनाथ भुर्तेल, सचिवमा कर्णराज कटुवाल र कोषाध्यक्षमा हिमा गुरुङ आधिकारिक उम्मेदवार रहेको बताएको छ।

त्यसैगरी एशोसिएसनले सदस्यका उम्मेदवारहरूमा चन्द्र बहादुर लिम्बू, कैलाश पाठक, तोरणकुमार कार्की, नारायण भुसाल, राजकाजी भोलान, विक्रम श्रेष्ठ, कामेश्वर साह, मो. इजरायल, फिरोज खान र चन्द्रकमल श्रेष्ठ आधिकारिक उम्मेदवार भएको उल्लेख गरेको छ।

अध्यक्ष खनाल फयुजन इनटरनेशनल प्रा.लि, प्रथम उपाध्यक्ष केसी एसआरके नेपाल ओभरसिज प्रा.लि., द्वितीय उपाध्यक्ष हुसेन ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि., तृतीय उपाध्यक्ष पनेरू गुडलक इन्टरनेशनल प्रा.लि., महासचिव भुर्तेल नील कमल ह्युमन रिसोर्स प्रा.लि., सचिव कटुवाल डाइनामिक स्टाफिङ सोलुशन प्रा.लि. र कोषाध्यक्ष गुरूङ वीनर एचआर सोलुशन प्रा.लि.का सञ्चालक हुन्।

त्यसैगरी सदस्य उम्मेदवार हरूमा चन्द्रबहादुर लिम्बू उज्यालो ओभरसिज प्रा.लि, कैलाश पाठक सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि., नारायण भुसाल युरो एशिया म्यानपावर प्रा.लि, विक्रम श्रेष्ठ शुभहारती म्यानपावर प्रा.लि. र तोरणकुमार कार्की फाइन जब रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक हुन्।

यस्तै राजकाजी भोलान राज ग्रुप अफ कम्पनी प्रा.लि., कामेश्वर साह आयुश ओभरसिज प्रा.लि., मो. इजरायल ओमामा म्यानपावर प्रा.लि., चन्द्रकमल श्रेष्ठ सुपर्व फर अल्टिमेटम म्यानपावर प्रा.लि., फिरोज खान फ्युचर लिंक स्टार प्रा.लि. र कैलाश पाठक सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि.का सञ्चालक हुन्।

## गणतान्त्रिकको...

जैसी नेपाल वैदेशिक रोजगार व्यवसायी संघको माघ ६ गते हुने निर्वाचनमा ईश्वर जिसी प्यानलमा प्रथम उपाध्यक्षको उम्मेदवार भएपछि वरिष्ठ उपाध्यक्ष अधिकारीलाई मञ्चको कार्यवाहक अध्यक्षको जिम्मेवारी दिइएको निवर्तमान अध्यक्ष धनलाल जैसीले मध्यान्हलाई जानकारी दिए। अधिकारीले शनिबारदेखि नै जिम्मेवारी सम्हालेका छन्।

### कर्णालीमा सभामुखका लागि आज निर्वाचन

# गुरुङ र पोखरेलको उम्मेदवारी

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३० पुस

कर्णाली प्रदेशको सभामुख पदका लागि नेपाली कांग्रेसका खड्ग पोखरेल र नेकपा एमालेकी नन्दा गुरुङले उम्मेदवारी दर्ता गराएका छन् । शनिबार बसेको एमाले संसदीय दलको बैठकले सभामुखमा गुरुङलाई उठाउने निणर्य गरेको थियो । सोही अनुसार सभामुखमा गुरुङले दिउँसो ४ बजे आफ्नो उम्मेदवारी दर्ता गराएको प्रदेश सभा अध्यक्ष विनोदकुमार शाहले जानकारी दिए । यस्तै, नेपाली कांग्रेसका पोखरेलले पनि शनिबार प्रदेशसभामा पुगेर सभामुखको लागि उम्मेदवार दर्ता गराएका छन् ।

कांग्रेसका सुर्खेत जिल्ला सभापति समेत रहेका पोखरेलले बिहान ११ बजे उम्मेदवारी दर्ता गराएको प्रदेशसभाका सचिव जीवराज बुढाथोकीले जानकारी दिए । सत्तारुढ गठबन्धनबाट उम्मेदवारी दिएकी गुरुङको प्रस्तावकमा सुर्खेत निर्वाचन क्षेत्र २ 'क' बाट प्रदेश सभा सदस्यमा निर्वाचित यामलाल कँडेल रहेका छन्, भने सर्मथकमा मुख्यमन्त्री राजकुमार शर्मा रहेका छन् । यस्तै सुर्खेतको निर्वाचन क्षेत्र नम्बर एक 'क' बाट निर्वाचित भएका नेपाली कांग्रेस सुर्खेतका सभापति पोखरेलको प्रस्तावकमा दैलेख निर्वाचन क्षेत्र नम्बर एक 'क' बाट निर्वाचित पूर्ण बहादुर खत्री रहेका छन् भने सर्मथकमा कालिकोटकी सांसद विजया बुढा रहेकी छन् ।



४० सदस्यीय कर्णाली प्रदेश सभामा नेपाली कांग्रेसका १४, माओवादी केन्द्रका १३, नेकपा एमालेका १०, नेकपा एकीकृत समाजवादी, राप्रपा र स्वतन्त्रबाट एक/एक जना सांसद छन् । जसमा सत्तारुढ गठबन्धनबाट उम्मेदवार बनेकी गुरुङको जीत निश्चित देखिएको छ । गुरुङको पक्षमा माओवादी केन्द्रका १३, नेकपा एमालको, १० नेकपा एकीकृत समाजवादी, राप्रपाका एक एक गरी २५ जना सांसद छन् । यता पोखरेलको पक्षमा भने नेपाली काग्रेसका १४ र एक स्वतन्त्र गरी १५ सांसद रहेका छन् । कांग्रेसका पोखरेल सुर्खेत निर्वाचन क्षेत्र नम्बर-१ प्रदेशसभा १ बाट निर्वाचित भएका हुन् भने गुरुङ सुर्खेतबाट समानुपातिक प्रणालीबाट निर्वाचित सांसद हुन् । सभामुखको निर्वाचन ज्येष्ठ सदस्य विनोद कुमार शाहले यस अघि नै तोकिसकेका छन् । मतदान आइतबार बिहान ११ बजे शुरु हुनेछ । त्यसअघि आइतबार बिहान १० बजे उम्मेदवारको प्रस्ताव फिर्तासम्बन्धी समय तोकिएको छ भने साढे १० बजे अन्तिम नामावली प्रकाशन र ११ बजे सभाको बैठक प्रारम्भ हुनेछ । त्यसपछि मत विभाजन र निर्वाचन परिणाम घोषणा हुने प्रदेश सभा सचिवालयले जनाएको छ । सत्तारुढ दलको भागवण्डामा कर्णालीको सभामुख एमालेको भागमा परेको छ भने उपसभामुख नेकपा माओवादी केन्द्रको भागमा परेको छ ।

### कामधेनु सहकारीमा विवाद

# सञ्चालक समितिको राजीनामा माग, साधारणसभा स्थगित

**तेज बहादुर बन/मध्यान्ह**
सुनसरी, ३० पुस

अन्तिम समयमा आएर निर्वाचन प्रक्रिया रद्द भएपछि सुनसरीको तरहरास्थित कामधेनु दुग्ध सहकारी संस्थामा विवाद भएको छ । ६ वटा जिल्लालाई समेटेर दुग्ध उत्पादन गर्दै आएको सहकारीको पुस ३० गते २३ औं साधारणसभाबाट नयाँ नेतृत्व चुनिने तयारी रहेको थियो । २९ गतेसम्म उम्मेद्वारहरूको अन्तिम नामावली प्रकाशन भइसकेको अवस्थामा ३० गते शनिबार निर्वाचननै रद्द हुन पुगेपछि भेला भएका सेयर सदस्यहरूले हालको सञ्चालक समितिको राजीनामा मागेका छन् ।

निर्वाचन प्रक्रिया स्थगित भएपछि ६ वटा जिल्लाबाट भेला भएका ४ सय बढी सेयर सदस्यहरूले सहकारी भवन अगाडि विरोध जनाउँदै हालको सञ्चालक समितिले तत्काल राजीनामा दिनुपर्ने माग राखे । सहकारीमा सुनसरी, मोरङ, तेह्रथुम, धनकुटा, काठमाडौं लगायतबाट ४ सय बढी सेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।

सहमतिको प्रयास असफल भएपछि निर्वाचन प्रक्रियामा गएको सहकारीको अध्यक्ष पदमा तरहराका टिका दत्त बन, इटहरीका कृष्ण अधिकारी र मोरङ ग्रामथानका यादव ढकालले उम्मेद्वारी दिएका थिए । सहमतिको बाटो बन्द भएपछि बनले उम्मेद्वारी फिर्ता लिएपनि अधिकारीले चुनावी प्रतिस्पर्धामा जाने निर्णयसँगै सोहि अनुरूप कार्यक्रम तय गरिएको थियो । निर्वाचनमा ढकाल पक्षको जीत निश्चित देखिएपछि अधिकारी आफैंले सहकारी रजिष्टारको कार्यालयमा उजुरी दर्ता गराइ निर्वाचन प्रक्रिया नै विथोलेका थिए ।

अधिकारीले सञ्चालक समितिको विभिन्न पदमा उम्मेद्वारी दिएका व्यक्तिहरु सहकारीभित्र खराब ऋणी रहेको र विवादित रहेका देखाउँदै रजिष्टार कार्यालयमा शुक्रबार साँझ उजुरी दिएका थिए । सोही उजुरीलाई मध्येनजर गर्दै विवाद साम्य बनाइ साधारणसभा गर्न तर निर्वाचन प्रक्रिया रोक्न कार्यालयले पत्राचार गरेपछि शनिबार हुने भनिएको निर्वाचन स्थगित हुन पुगेको थियो ।



अन्तिम समयमा आएर अधिकारीले चालेको कदमबारे सेयर सदस्यहरूले खुलेरै विरोध जनाएका थिए । अधिकारी यसअघि पनि ३ कार्यकाल कामधेनु सहकारीमा अध्यक्ष बनिसकेका पात्र हुन् भने हाल सल्लाहाकार रहेका छन् । यो पटक पनि अध्यक्ष बन्ने उनको योजनामा ढकाल बाधक बनेपछि उनलाई हटाउन यस्तो प्रपञ्च चालेको सेयर सदस्यहरूको आरोप छ ।

सञ्चालक समितिको विभिन्न पदमा उम्मेद्वारी दिएका व्यक्तिहरू सहकारीको खराब ऋणीको सूचीमा रहेको र विवादित रहेको कारण छानविनको माग गर्दै रजिष्टार कार्यालयमा उजुरी दिएको अधिकारीको भनाइ छ । तर निर्वाचनको सबै तयारी सकिएर प्रक्रियागत कार्यक्रम अघि बढ्नै लाग्दा एक्कासी रोकिनु सहकारी सञ्चालक समितिको नियत नै खराब देखिएको प्रमुख निर्वाचन अधिकृत कपिलमणी दाहालले बताए ।

निर्वाचन प्रक्रियामा जाँदा हार निश्चित भएपछि अधिकारीले जीत आफ्नो पक्षमा पार्न र सेयर सदस्यहरुलाई प्रभावित बनाउन यस्तो षड्यन्त्र रचेको सहकारी संस्थामा अध्यक्ष पदका उम्मेद्वार यादव ढकालको भनाइ छ ।

कार्यक्रम भव्य र सव्य हुने विश्वासका साथ तेह्रथुम छथर जोरपाटेबाट आएका सेयर सदस्य उमानाथ पौडेल साधारण सभा स्थगित भएको सूचना पाउनासाथ आक्रोशित बनेका थिए । उनी जस्तै ४० भन्दा बढी सदस्यहरू छतरजोरपाटेबाट सहकारीको कार्यक्रममा सहभागी हुन आएका थिए । सहकारी भवनको प्राङ्गणमा भेला भएका सेयर सदस्यहरूलाई फकाउन सञ्चालक समितिका सदस्यहरूले अनेकौं प्रयास गरेपनि भिड अनियन्त्रित हुन पुगेको थियो ।

विवाद साम्य बनाउन सेयर सदस्यहरूलाई सञ्चालक समितिले पटक-पटक आग्रह गर्दा नमानेपछि अन्ततः साधारण सभा नै स्थकित गर्नुपरेको थियो । सञ्चालक समितिका अध्यक्षदेखि साधारण सदस्य सबैले आ-आफ्नो जिम्मेवारीबाट तत्काल राजीनामा दिनुपर्ने सेयर सदस्यहरूले अडान राखेपछि अन्त्यमा सबै कार्यक्रमहरू स्थगित गर्नुपरेको थियो । भव्य र सभ्य कार्यक्रम आयोजना हुने विश्वासकासाथ भेला भएका शेयर सदस्यहरूलाई सहकारीले निराश बनाएपछि आक्रोशित बनेको भिड नियन्त्रण गर्न प्रहरी समेत बोलाइएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा रहेका प्रतिनिधि सभाका पूर्व सदस्य तथा सोहि सहकारीका सल्लाहाकार घनश्याम खतिवडाले सबै दृश्य अवलोकन गरिसकेपछि बेग्लै नाम कमाएको कामधेनु इतिहासमै बदनाम हुँदै गएको धारणा राख्न बाध्य बनेका थिए । यता कार्यक्रम सभापति तथा कामधेनु दुग्ध विकास सहकारी संस्थाका अध्यक्ष बाबुराम खत्रीले नचाहँदा नचाहँदै सबै कार्यक्रम स्थगित गर्नुपर्दा दुःखी तुल्याएको र आगामी एक महिना भित्रमा सामधान टुंग्याएर साधारणसभा र निर्वाचन दुवै गर्ने घोषणा गरे ।

### हुम्ला डायरी

**ओबराज शाही/मध्यान्ह**

# सिमकोट बजारमा अनुगमन




हुम्ला सिमकोट गाउँपालिकाले आफ्नो गाउँपालिकाभित्र र सदरमुकाम सिमकोटवासीले दुषित तथा सडेगलेको अखाद्य पर्दाथ उपयोग गर्न नपरोस् भन्ने हेतुले सिमकोट बजारमा पटक-पटक अनुगमन गर्दै आएको छ ।

शनिबार सिमकोट गाउँपालिका पशु शाखाको नेतृत्वमा सिमकोट बजार भित्रका मासु पसलको अनुगमन गरेको छ । सिमकोट बजारमा स्थापित २२ वटा मासु पसलमा अनुगमन गरिएको हो । अनुगमनमा जिल्ला प्रशासन, घरेलु तथा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जिल्ला पशु अस्पताल तथा पशु सेवा कार्यालय, सुरक्षाकर्मीका संचारकर्मी सिमकोट गाउँपालिका उपाध्यक्ष सुशिला रोकाया लगायतको उपस्थितमा अनुगमन गरेको हो । अनुगमनका क्रममा बढी जसो मासु पसल मापदण्ड अनुसार नै सञ्चालन भएको पाइएको र केही मासु पसल र तरकारी पसलसँगै सञ्चालन भएको, केही दर्ता प्रक्रियामा रहेको र केही मासु पसलमा राखिएका फ्रीजमा मासु नै आइस भएको पाइएको सिमकोट पशु शाखाका प्रा.स विष्णु वुमीले बताए ।

सदरमुकाम सिमकोटमा रहेका व्यवसायिक मासु पसल सञ्चालन गर्नेमा १९ वटा जिल्ला बाहिरबाट कुखुरा माछा मासु तथा बङ्गुरका मासु बिक्रि कर्ता रहेका छन् भने ३ वटा खसीको मासु व्यापारी रहेको पाइएको छ । खसीको मासु हुम्ला जिल्लामै आत्म निर्भर रहेको र कुखुरा,माछा,बङ्गुरको मासु जिल्ला बाहिरबाट आयत गर्नुपर्ने बाध्यता रहेको मासु पसल व्यवसायी लोक्ते कामीले बताए । खसी बढी जसो हुम्ला जिल्लामै खरिद गर्ने गरेको भएपनि हुम्लामा केही मंहगो पर्ने भएका कारण हुम्ला जिल्लाको छिमेकी जिल्ला बझाङ, बाजुरा, अछाम, दैलेख लगायतका जिल्लाबाट खरिद गरी ल्याउनुपर्ने बाध्यता रहेको मासु व्यवसायी दलबहादुर शाहीले गुनासो गरे । मासु बिक्रेताले पसलमा मासुको मुल्य राख्नुपर्ने, साइन बोर्ड राम्रोसँग सबैले देख्ने गरी राख्नुपर्ने, मासुको मूल्यमा एकरुपता ल्याउनु पर्नेमा सिमकोट गाउँपालिकाले जनाएको छ

## हुम्लामा माघी मेलाको रौनक



हिमाली जिल्ला हुम्लामा माघी मेलाको रौनक छाएको छ । हुम्लाका क्षेत्री समुदायमाका गाउँघरमा मनाउने माघी मेला शनिवार बेलुकाबाट शुरु भएको छ । हुम्लामा माघी मेला मनाउन खासगरी जिल्ला सदरमुकाम सिमकोटको छिमेकी गाउँपालिका खार्पूनाथ शिवालय मन्दिरमा मनाउने गर्दछन् ।

खार्पुना शिवालयका अध्यक्ष हरिभक्त शाहीले पुस महिनालाई अन्त्य गरी माघ महिनालाई गर्मी महिनाको रुपमा लिएर माघी मनाउने चलन रहेको बताए । खार्पुनाथ शिवालयमा शिवको मन्दिर भएकाले माघ महिनाको एक गते उक्त स्थान तिर्थ भएकाले माघ गर्मी महिनामा परम्परागत रुपमा माघी मनाउने गरेको अध्यक्ष शाहीले जानकारी दिए । सो शिवालयमा शिवलिङ्गको मन्दिर तीन ठाउँबाट रहेको हुनाले खार्पुतिर्थ भनिन्छ । माघी मेला मनाउन विभिन्न गाउँबाट आएर रातभरी पूराना मागल, चुट्किला, गीत गाउँदै रमाईलो गरिन्छ । उक्त खार्पुतिर्थ माघी मनाउन जाने भक्तालुहरुले पूराना-पूराना, सँस्कृतिक झल्काउने बख्खु, पटुका जस्ता कपडा लगाउने गरेको खार्पुनाथ वडा ४ का स्थानीय बलिराज शाहीले बताए । त्यस्तै माघी मनाउन जाने भक्तालुले बिहान भएपछि मन्दिरबाट आएको तातो पानीले नुहाएर शुद्ध भएर घर फर्किने चलन रहेको छ ।

## रौतहटका कुशवाहा बने प्रदेश सरकारका मन्त्री

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० पुस

रौतहटले मधेश प्रदेश सरकारमा मन्त्री पाएको छ । मधेश प्रदेशमा जनमत पार्टीबाट राष्ट्रिय उपाध्यक्ष समेत रहेका रौतहट निवासी ई.वसन्त कुशवाहा मन्त्री बनेका हुन् । मधेश प्रदेशमा बौद्धिक विचारको व्यक्तित्व कुशवाहा मन्त्री पदमा नियुक्त भएका हुन् । शुक्रबार मधेश प्रदेश प्रमुख हरिशंकर मिश्रले कुशवाहालाई मन्त्री बनाएका हुन् । नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मुख्यमन्त्री सरोज कुमार यादव सँगै ४ जनालाई मन्त्रीमा नियुक्त गरिएको हो । रौतहट जिल्लाको बौधिमाई नपा वडा नम्बर ८ निवासी कुशवाहा मन्त्रीमा नियुक्त भएका हुन् । उनले कुन मन्त्रालय पाउने भन्ने बारेमा टुङ्गो लागेको छैन् । कुशवाहा जनमत पार्टीबाट समानुपातिकमा प्रदेशसभा सदस्यमा चुनिएका थिए । कुशवाहाले शनिबारनै पद तथा गोपनीयताको सपथ लिएका छन् ।

उनीसँगै मधेश प्रदेश सरकारको मन्त्री बन्नेहरुमा संजय कुमार यादव,सरोज कुमार यादव रहेको प्रदेश प्रमुखको कार्यालय मधेश प्रदेशका सचिव राजेन्द्र पराजुलीद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख रहेको छ । कुशवाहा मन्त्रीमा छानिएपछि रौतहटवासीहरुमा खुसी छाएको छ ।

## 'सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्छ'




**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० पुस

राष्ट्रिय खाद्य बैंकका कार्यकारी अध्यक्ष शंकर नाथ उप्रेतीले सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । शनिबार भएको बैंकको दोस्रो साधारण सभामा उप्रेतीले कृषि क्षेत्रमा सरकारले नयाँ नीति, कार्यक्रम ल्याउनुपर्ने माग गरे । 'कृषि क्षेत्र र किसानको लागि सरकारले आवश्यक सम्बोधन नगर्ने हो भने नेपालको आर्थिक समृद्धि र आत्मनिर्भरताको बहस फगत गफ मात्रै हुनेछ' उनले भने ।

विज्ञहरुको निगरानीमा स्थानीय उत्पादनलाई प्रोत्साहन गरेर रैथाने बालीको संरक्षण गरी त्यसलाई प्रत्येकको भान्छासम्म पुऱ्याउन खाद्य बैंक लागि पर्ने उनले जानकारी गराए । उप्रेतीले बैंक वार्षिक ३० लाख शुरुवाती नाफामा रहेको जानकारी दिए । 'हाल अन्नबालीहरूमा धान, मकै, गहुँ, कोदो, फापर, कागनोलगायत उत्पादनमा काम गरिरहेका छौं' उनले भने ।

बैंकमा तत्काल ८ सय ८१ जना संस्थापक सेयर सदस्यहरू रहेको उनले बताए । साथै अब २ अर्ब चुक्ता पुँजी पुऱ्याउने लक्ष्य रहेको उप्रेतीले जानकारी दिए । संस्थाले हालसम्म प्रत्यक्ष र अप्रत्यक्ष गरी झन्डै १ लाख जनालाई रोजगारी दिँदै आइरहेको छ । अहिले किसानहरूसँग मिलेर हजारौं विघा जग्गामा कृषि उत्पादन कार्यहरू गर्दै आइरहेका छौं ।' उप्रेतीले भने ।

यसैगरी पूर्व स्वास्थ्य मन्त्री तथा खाद्य बैंकका संरक्षक उमेश श्रेष्ठले कृषिमा भएको विचौलियपनले स्थानीय उत्पादन मारमा परेको बताए । आफ्नै देशको उत्पादनलाई बजारीकरण गर्न नसक्दा रेमिट्यान्सले देश धानिरहेको श्रेष्ठको भनाइ थियो ।

उनले 'एक पालिका, एक उत्पादन' कार्यक्रम शुरु गरी स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । बैंकका सल्लाहकार दुर्गाबहादुर थापाले किसानका समस्या समयमा सुनुवाई नहुँदा किसान मर्कामा परेको अभिव्यक्ति राखे । उनले किसानका लागि छुट्याइएको अनुदानको हिस्सा वास्तविक किसानलाई नै नपाइने बताए । यसैगरी कृषि प्रधान देशका किसानकोको कृषक परिचयपत्र हुनुपर्नेमा उनको जोड थियो ।

## बागमतीमा सामाजिक सुरक्षा भत्ता वितरण

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, ३० पुस

सर्लाहीको बागमती नगरपालिकाले सबै वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न शुरु गरेको छ । बागमती नगरपालिकाले एनआईसी एशिया बैंक कर्मैया शाखासँग समन्वय गरी ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति लगायतलाई वडाबाटै सामाजिक सुरक्षा भत्ता लिन सक्ने व्यवस्था मिलाइएको नगर प्रमुख भरत कुमार थापाले जानकारी दिए । उनका अनुसार नगरपालिकाले चालू आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक (कात्तिकदेखि पुससम्म)को सामाजिक सुरक्षा भत्ता वडा कार्यालयहरुबाट वितरण गर्न शुरु गरेको छ ।

१२ वटा वडा रहेको बागमती नगरपालिकाका वडा नं. ४, ११ र १२ का स्थानीयलाई भने पूर्व-पश्चिम लोकमार्गस्थित बैंकको कर्मैया शाखाबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिने नगर उपप्रमुख लिला कुमारी मोक्तानले बताइन् । उनका अनुसार त्यसबाहेक वडा नं. १, २ र ३ का स्थानीयलाई संयुक्त वडा कार्यालय ढुङ्गेखोला, वडा नं. ५, ६ र ७ का स्थानीयलाई संयुक्त वडा कार्यालय राजघाट र वडा नं. ८, ९ र १० का स्थानीयलाई संयुक्त वडा कार्यालय शङ्करपुरबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिने छ ।

कर्मैयामा रहेको बैंकमा भत्ता बुझ्नका लागि सेवाग्राहीको अत्याधिक भीड लाग्ने गरेको र टाढाबाट आएर घण्टौं लाइनमा बस्नु परेको सेवाग्राहीले गुनासो गरेपछि नगरबासीको गुनासोलाई मध्यनजर गरी सम्बन्धित वडा कार्यालयमै वडा र बैंकका कर्मचारी राखेर भत्ता वितरणको व्यवस्था मिलाइएको नगर प्रमुख थापाले बताए ।

नगरपालिकाले आगामी माघ २९ गतेसम्म १२ वटै वडामा भत्ता वितरण गरिसक्ने गरी तालिका सार्वजनिक गरिएको र आफ्नो वडामा कुन दिन भत्ता वितरण हुन्छ भन्नेबारे जनप्रतिनिधि वा कर्मचारीसँग बुझ्न सकिने जनाएको छ । नगरपालिकाबाट सुरक्षा व्यवस्था, यातायातको प्रवन्ध र इन्टरनेटको व्यवस्था गर्ने सहमतिमा वडा कार्यालयमै पुगेर भत्ता वितरण गर्न लागिएको एनआईसी एशिया बैंक कर्मैयाका शाखा प्रवन्धक बालक घिमिरेले बताए । उनका अनुसार वडा वडामा गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यालयमा सेवाग्राहीको चाप घट्ने छ ।

## मेधावी विद्यार्थीलाई घरमै पुगेर सम्मान

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ३० पुस



रुपन्देहीको सैनामैना ६ मा रहेको शहीद नारायण पोखरेल रामापुर क्याम्पसले क्याम्पसका मेधावी विद्यार्थीहरुलाई घरघरमै पुगेर सम्मान गरेको छ । त्रिभुवन विश्वविद्यालय विविएस चौथो वर्षमा उच्च अंक प्राप्त गर्ने विद्यार्थीहरु मन्जु आचार्य(७६.४ प्रतिशत) र अनुपा घिमिरे (७५.४ प्रतिशत) लाई उनीहरुको घरमा पुगेर परिवारको उपस्थितिमा क्याम्पस प्रमुख हेमबहादुर थापा(हेमन्त)बाट सम्मान गरिएको हो । यस प्रकारको सम्मानले विद्यार्थीहरुलाई शैक्षिक प्रगतिमा थप प्रोत्साहित गर्ने क्याम्पसले जनाएको छ ।

उत्कृष्ट विद्यार्थीहरुलाई सम्मानित गर्न पाउँदा खुशी लागेको क्याम्पस प्रमुख हेमबहादुर थापाले बताए । 'यस प्रकारको सम्मानले विद्यार्थीमा सकारात्मक भावनाको विकास हुन्छ र अन्य विद्यार्थीहरुमा पनि जोस जाँगर पलाउँछ' उनले भने । गुणस्तरीय शिक्षा प्रदान गरेको र छोरीहरुलाई यसरी घरमै आएर सम्मान गरेकोमा अभिभावकहरु पनि हर्षित बनेका छन् । उच्च शिक्षामा बुटवल पश्चिमकै शैक्षिक हवको रुपमा विकसित क्याम्पसबाट १४ जना विद्यार्थी प्रथम श्रेणीमा उत्तिर्ण भएका थिए । शहीद नारायण पोखरेल रामपुर क्याम्पस क्युएए सर्टिफाइड क्याम्पस हो ।

## ६३ लाख बढीको चिनी नियन्त्रण

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ३० पुस

नवलपरासीमा ६३ लाख ११ हजार २ सय ५० मूल्य बराबरको अवैध चिनी प्रहरीले नियन्त्रणमा लिएको छ । शुक्रबार रामग्राम नगरपालिका वडा नं ८ लोसहडास्थित धर्मेन्द्र यादवको पाल्हि एग्रो फार्म प्रालि (कुखुरा फार्म) मा ठूलो परिमाणमा अवैध चिनी लुकाई छिपाई राखेको भन्ने विशेष सूचनाको आधारमा राजश्व अनुसन्धान कार्यालय बुटवलबाट राजश्व अनुसन्धान अधिकृत, जिल्ला प्रहरी कार्यालय नवलपरासी (बसुप)बाट प्रहरी निरीक्षक र शशस्त्र प्रहरी बल २६ नम्बर गण नवलपरासीबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा



खटिएको संयुक्त टोलीले अवैध चिनी नियन्त्रणमा लिएको हो । उक्त एग्रो फार्ममा छापा मारी १६८३ बोरा (८४१.५ क्वीन्टल) चिनी बरामद गरी आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय बुटवल पठाउने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

## सम्पादकीय

### भागबण्डामा अल्झेको राजनीति

**प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपति र सभामुख नियुक्तिबारे सर्वदलीय बैठकमा छलफल हुने बताएका छन् । शनिबार सम्पादकहरूसँग प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेस सहित सबै दल सहभागी हुनेगरी सर्वदलीय बैठक बोलाउने बताएका हुन् । त्यो सर्वसदलीय छलफलमा राष्ट्रपति र सभामुख नियुक्तिबारे छलफल हुने प्रधानमन्त्री प्रचण्डले बताएका हुन् । कांग्रेसले पनि बिहीबार मात्रै सभामुख र उपसभामुख नियुक्तिबारे प्रधानमन्त्री प्रचण्डसँग सम्वाद गर्ने निर्णय गरेको छ । कांग्रेस नेताहरूले भने र ाष्ट्रपति पदबारे पनि प्रधानमन्त्री प्रचण्डसँग सम्वाद गर्ने बताइरहेका छन् । २६ पुसमा प्रधानमन्त्रीलाई विश्वासको मत दिएको बदला कांग्रेसले राष्ट्रपति र सभामुख पदमा बार्गेनिङ गर्नकै निम्ति प्रचण्डसँग सम्वाद गर्ने निर्णय गरेको बुझ्न सकिन्छ । त्यसैलाई बल पुग्नेगरी प्रधानमन्त्री प्रचण्डले सर्वदलीय बैठक बोलाउने बताएका छन् ।**

**प्रधानमन्त्री प्रचण्डले पनि आफूले पाएको विश्वासको मतको बदला सर्वदलीय बैठक बोलाउन लागेको देखिन्छ । तर सर्वदलीय बैठक बोलाएपनि प्रधानमन्त्री प्रचण्डले सबैलाई मिलाएर लैजान सक्ने अवस्था देखिदैन । किनकि कांग्रेसले राख्न लागेको माग सम्बोधन गर्दा प्रचण्डले सत्ता सहयात्री दल एमालेको विश्वास जित्न सक्ने अवस्था छैन । एमालेका अध्यक्ष केपी शर्मा ओलीले विश्वासको मत दिइरहेको २६ पुसमै कांग्रेसलाई कुनैपनि पद नदिने प्रष्ट अडान लिएका छन् । अझ प्रचण्ड प्रधानमन्त्री भइरहँदा राष्ट्रपति र सभामुख पद एमालेलाई छोड्ने सहमति भएको छ । त्यो सहमति बिपरीत प्रचण्डले छलफल गराउन खोज्नु भनेको सत्तागठबन्धनमै समस्या निम्त्याउनु हुन्छ । अझ अहिलेको संवैधानिक व्यवस्था र संसदीय अभ्यासले पनि संवैधानिक तथा कार्यकायरी प्रमुखको नियुक्ति सर्वदलीय सहमतिबाट हुन्न । संवैधानिक प्रक्रिया अनुसार, संसदको बहुमतबाट हुन्छ ।**

**तर संसदको तेस्रो दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सर्वदलीय सहमतिको बाटो समात्ने संकेत गरेका छन् । सुन्दा रमाइलो लागेपनि यो बाटो सही होइन । त्यसैपनि सत्ता साझेदार दलहरूबीच भागबण्डा नमिल्दा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् समेत बिस्तार गर्न सकेका छैनन् । प्रधानमन्त्री बनेको २० दिनसम्म चार मन्त्रीले कुनैपनि भूमिका पाएका छैनन् । बाँकी मन्त्री चयन हुन सकेको छैन । प्रधानमन्त्रीकै कार्यक्षेत्रभित्र पर्ने निर्णय समेत गर्न नसकेका प्रचण्डले बिपरीत ध्रुबमा रहेका कांग्रेस र एमालेलाई एकै ठाउँ ल्याएर राष्ट्रपति र सभामुख निर्वाचित गर्न सजिलो छैन । मुलुक, जनता र संवैधानिक प्रक्रिया पनि त्यस्तो होइन । राष्ट्रिय समस्या बाहेक अरू विषयमा राष्ट्रिय सहमति आवश्यक पनि होइन । संविधान अनुसार काम गर्ने हो । तर प्रधानमन्त्री प्रचण्ड भने लाभको पदमा भागबण्डा मिलाउन नसक्ने बाटोतिर लागेका छन् ।**

# राजनीतिमा प्रवृत्तिगत समस्या

*नेपाली राजनीतिमा सामाजिक, आर्थिक र सांस्कृतिक ढंगले केही प्रवृत्तिगत समस्याहरू देखिएका छन् । यदि समयमै त्यसलाई सच्याउन सकिएन भने नेतृत्व मात्रै होइन, समग्र राजनीति नै गलत बाटोमा पुग्ने जोखिम हुन्छ ।*

अग्रलेख



● लेखराज रेग्मी

नेपाली राजनीतिमा प्रायः राष्ट्रियताको मामलामा निरीहता र प्रजातन्त्रको मामलामा देखासिकी भएको देखिन्छ । जुन प्रवृत्तिगतरूपमै विकास भएको छ । अर्काको विरोध र खिसिट्युरीमा आफ्नो अस्तित्व जोगाउन खोज्ने प्रवृत्ति आन्तरिक सन्तुलन र बाह्य प्रतिष्पर्धामा आफुलाई सक्षम राख्न प्रायः असफल देखिन्छ । हेर्दा फरक तर, यसैभित्रको अर्को प्रवृत्तिगत पाटो अर्काको सीप र क्षमता होइन, दृश्य तथा रूपहरुको नक्कल गर्दै आफुले पनि सफलता पाउने लालसामा नाटकीय भूमिकामा देखिने प्रवृत्ति पनि राजनीतिमा हाबी हुँदै आएको छ ।

आज मार्क्सवादी भन्नेमा ठूलो वैचारिक र व्यवहारिक विचलन देखिन्छ । साम्राज्यवादी शक्तिका लागि नवउदारवादी कार्यक्रमहरुको 'पपुलिष्ट' रूपहरुको पछि लाग्नु मार्क्सवादीहरुको एउटा प्रवृत्तिगत विशेषता नै बनेको छ । घटनाक्रमले उनीहरु मार्क्सवादी दर्शन, विचार, पद्धति र शैलीहरुको बोध र अभ्यासबाट पन्छिन चाहेको देखाउँछ । सस्तो लोकप्रियताको खोजी गर्दै सुत्रहरुको अन्ध नक्कलमा रमाउन चाहेको देखाउँछ । आत्मगत शक्तिको विकासभन्दा बाह्य शक्तिको समर्थन चाहनु र बिना भेदभाव सबै सहयोगलाई स्वीकार गर्नु आजको अवस्था छ । आफ्नो संगठनको औचित्य खोज्नु, भेटाउनु, पृथकता र एकताका विषयवस्तु पहिचान गर्नु, आवश्यकताका आधारमा मित्र र शत्रु पहिचान गर्दै सहयोग वा विरोध गर्नु सामान्य राजनैतिक आचरण हुन्छ । तर, यसको विपरित अवसरका सम्भावनाका आधारमा मोलतोलमा सौदाबाजी गर्दै लाभको लागि दलबदल गर्नु, वैचारिक भिन्नता भएका शक्तिसँग मोर्चाबन्दी गर्नु, सबै सवालमा बाह्य वस्तु, शक्ति र उपलब्धिमा आकर्षित हुँदै समर्थन वा विरोधको मत (मन) बनाउनु राजनैतिक रूपमा विचलन हो । यो विचलनले आफ्नै अस्तित्वसमेत संकटमा पर्न जान्छ ।



आत्मकेन्द्रित मनोगतवाद एउटा खतरनाक राजनैतिक प्रवृत्ति हो । सबै सवालमा (विचार, विवेक, स्वत्व अस्तित्व इमान आचरण आदि) आफु र आफ्नो हित र तुष्टिको लागि सम्पूर्ण समर्पणमा पुग्नु, धोका दिनु, वैमनश्यता पैदा गर्नु, षड्यन्त्र गर्नु, दुश्मनी गर्नु, घात गर्नु जस्ता यावत चरित्रको स्रोत नै यही हो । नेपाली राजनीतिमा व्यक्ति समूह र दलहरुमा, खासगरी कुनैपनि तहगत नेतृत्वमा रहनेहरुमा यो प्रवृत्तिले पर्याप्त विकासको अवसर भेटाएको पाइन्छ ।

नेपाली राजनीतिमा अविश्वसनियता एउटा यस्तो प्रवृत्ति हो, जो घोर घनिष्टता र धोकाको सम्भावना, मित्रता र विश्वासमाथि षड्यन्त्र, पहिचान र वैचारिक अडानमा अस्वभाविक छलाङ जस्ता आचरणमा अभिव्यक्त हुने हुन्छ । यो प्रवृत्ति व्यक्ति, समूह वा दलगत चरित्रमा समेत अभिव्यक्त भैरहेको छ । यसले सामान्य आकंलन र अनुमानसमेत फेलखाने घटनाहरु पटक-पटक देखापर्ने हुन्छ र भएका छन् ।

राजनीतिमा अहंकार डरलाग्दो व्याधी हो । यसपटक अनुहार हेर्नै नचाहने भनिएका पुष्पकमल दाहाल 'प्रचण्ड'को पद बहालीमा

*प्रायः राष्ट्रियताको मामलामा निरीहता र प्रजातन्त्रको मामलामा देखासिकी नेपाली र ाजनीतिको समस्या हो । जुन प्रवृत्तिगतरूपमै विकास भएको छ । अर्काको विरोध र खिसिट्युरीमा आफ्नो अस्तित्व जोगाउन खोज्ने प्रवृत्ति आन्तरिक सन्तुलन र बाह्य प्रतिष्पर्धामा आफुलाई सक्षम राख्न असफल देखिन्छ ।*

माओवादी वा एमालेका जोडकोणमा केही खटास-घडासहरुका झुर्रीहरु देखिए पनि केपी शर्मा ओलीको चेहरामा दीप्ती महसुस गरिन्छ, वाणीमा गुञ्जन छ । एकपटक प्रचण्ड झुके र ओली सर्वस्व लुटाउन तयार भए । दानवीर महासान्तका कथा जस्तै पुलकित छन् ओली । रिझ बापत अपुताली पाएका सम्पत्ति सम्बन्धहरु देखिएका छन् । दुबै पक्षका कार्यकर्ता संसदीय अंकगणित, कांग्रेस र अन्यहरुका स्थितिका कारण यो अपेक्षाकृत अनुकुल विकल्प बनेको छ र स्वीकार्न तत्पर छन् । शेरबहादुर देउवामा देखिने मलिनता र ओलीमा देखिने चमक यहाँ अहम् र तुष्टीको सम्बन्ध अभिव्यक्त छ । तर, अहम् कति हानिकारक हुन्छ भन्ने हेर्न ट्रटस्किको नेतृत्वमा भएको जर्मन-रुस वार्ता जसको असफलताको ठूलो मूल्य रुसले व्यहोर्‍यो । जुन इतिहासका पानाहरुमा भेट्न सकिन्छ ।

आत्मश्लाघा र आत्मसमर्पणवाद पनि राजनीतिमा घातक मानिन्छ । यसकै कारण मूल्यवोध मर्छ । यस्ता सयौं प्रवृत्तिमाथि नियन्त्रण कायम गर्दै माओले जापान र अमेरिकालाई हराउन र चीनलाई स्वाधिन राष्ट्रमा बदल्न सके । आज नेपाली राजनीति यहाँ कमजोर देखिएको छ । नेतृत्वमा पलाउने आत्मश्लाघा र आत्मसमर्पणवादले नेतृत्वको मात्रै होइन समग्र संगठनको भविष्यमाथि पनि प्रश्नहरु पैदा हुने गरेका छन् ।

हामी व्यक्तिहरुमा जब यस्ता लक्षणहरु फाटफुट देख्छौं, यो खास महत्वको हुँदैन, जब सानो समूहमा फाटफुट देख्छौं वा यसले आमरूप लिइरहेको हुँदैन, यो सामान्य सामाजिक रुझानको स्थितिमा हुन्छ र यसको उपचार सम्भव हुन्छ । जब यो कुनै समुदाय वा संघ संगठनको सोच्ने, विचार गर्ने र घटनाक्रमलाई हेर्ने आम तौर तरिकामा देखिन्छ, तब यो सामाजिक प्रवृत्तिमा फेरिन्छ । यसको उपचारको लागि निर्देशित सामाजिक अभियान आवश्यक हुन्छ । जब यो राजनैतिक नेतृत्व तहमा देखिन्छ, आन्दोलनको लागि क्षतिपूर्ण हुन्छ । तर, यसको उपचार सम्भव छ । साथै, जटिल र कठिन ढंगले सम्पन्न गर्नुपर्ने हुन्छ । यसको सामाजिक राजनैतिक स्वरूप जब देखिन थाल्छ यो आमरूपमा देखिन्छ र प्रवृत्तिविरुद्धको लडाईं पेचिलो बन्छ । त्यसकारण सामान्य स्वभाव, लक्षण र विचलनको स्थितिमा नै यसको ठिक ठिक उपचारका विधि र प्रकृयामा जानु आवश्यक हुन्छ । राजनैतिक जीवनमा यो निरन्तरको सजगतामा सञ्चालित आन्दोलनको क्रममा जटिल नबन्दै नै उपचार हुने स्थिति बरकरार रहनुपर्छ ।

राजनीति तय गर्ने सवालमा विचलन पैदा हुनुमा सामान्य सामाजिक स्थितिको प्रभाव हुन्छ । हाम्रा वर्ग सम्बन्धहरुका कारण ठूला-ठूला भड्कावहरु पैदा हुन सक्छन्, जसलाई सुझबुझपूर्ण ढंगले नियन्त्रण गर्न सकिन्छ । तर, राजनैतिक प्रवृत्तिको विकास समानान्तर धाराको रूपमा देखिन्छ र जुन क्षतिपूर्ण नै हुन्छ । आज नेपाली राजनीतिमा सामाजिक, आर्थिक र सांस्कृतिक ढंगले केही प्रवृत्तिगत समस्याहरु पैदा देखिएका छन् । जसको स्रोतको रूपमा उपरोक्त प्रवृत्तिगत विशेषताहरु देखापरिरहेका छन् । सचेत नेता र कार्यकर्ताले गलत प्रवृत्तिलाई तोड्नको निम्ति पहल लिनु अनिवार्य छ । यदि समयमै त्यसलाई सच्याउन सकिएन भने नेतृत्व मात्रै होइन समग्र राजनीति नै गलत बाटोमा पुग्ने जोखिम हुन्छ । नेपाली राजनीतिमा पछिल्लो समय देखिएका गलत अभ्यास नेतृत्वमा पलाएको कतिपय गलत प्रवृत्तिको कारण पनि हो । यदि नेतृत्वमा प्रवृत्तिगत समस्या हुँदैन्थ्यो भने राजनीति यति धेरै विश्रृंखलित हुने थिएन । तथापी, सच्याउने अवसर भने बाँकी नै छ ।

## सामाजिक सञ्जाल



**- हरिकृष्ण शाक्य**

नेपाल मात्र यो देश हो, जहाँ जसले जसरी पैसो कमाओस् त्यसको खासै चासो सरकारलाई हुँदैन । नेपाली जनताको त के कुरा जो धेरै भ्रष्टाचार गर्छ उ उसको लागि ठूलो मान्छे ठान्छ र आफुलाई अभागी ठान्छ । त्यही भारतमा आफ्नो औगात नभ्याउने घर बनायो जग्गा जमिन किन्यो भने यो पैसो कहाँबाट ल्यायो भनेर समाउँछ ।




**- मानवी पौडेल**

सन्दिप लामिछाने जेलबाट छुटे भन्दै जयजयकार गर्नेहरूलाई थाहा नभएको कि थाहा पाउन नखोजेको ? उनी बलात्कार जस्तो गम्भीर अपराधको आरोपमा अदालतमा मुद्दा चलिरहेका आरोपित हुन् न कि सफाई पाएका ! हिंसा आरोपलाई त्यति सामान्यीकरण नगरौं कि भोलि आफु र आफ्नालाई पर्दा मुख देखाउन नालायक भइयोस् ।



**- सेतेमान तामाङ**

चिन्ता लिनु समय बर्बाद गरिनु मात्रै नभई दिमाग नै नष्ट गरिनु हो भने चिन्तन गर्नु हरेक क्षेत्रमा परिवर्तन ल्याउन दूरगामी राख्नु हो । चिन्ताले विवेकलाई बन्धक बनाउनु, निराश, रिसालु, क्रोधित र निष्क्रियता बनाइदिन्छ भने चिन्तनले विवेकशीलता, फुर्तिलो, क्रियाशिलता, सहयोगी, सकारात्मक सोचमा बदलिन्छ ।



**- प्रेम घर्ती मगर**

०६२/६३ को जनआन्दोलन र त्यसपछिको निर्वाचनमा हराउँदै गएको राप्रपाको पहिचान आजको मितिसम्म आइपुग्दा क्रमशः उकालो लाग्दै गइरहेको छ । हिन्दु राष्ट्र र राजतन्त्रको कारण जनतामा राप्रपाप्रतिको लगाव बढ्दै गईरहेको छ । महँगो संघीयता र गणतन्त्रप्रतिको वितृष्णा पनि यसको मुख्य कारण हो ।



**- मिरा ढकाल**

सन्दिप लामिछानेको रिहाई निर्दोष साबित भएर हैन, धरौटीमा भएको हो । यो रिहाइमा विजय उत्सव मनाइरहनुभएको छ, सोसियल मिडियामा नै स्वागत गरिरहनुभएको छ वा खुसी हुनुहन्छ भने, तपाईंले गरेको पक्षपोषण, पैरवी र जय जयकार यो वा त्यो बहानामा गलत संस्कारको प्रवर्द्धन नै हो ।

# महिला मुक्तिको प्रश्न

विचार



● सरस्वती महरा

*कुरूप सौन्दर्य र सुन्दरताका विकृत चेतनाद्वारा दिग्भ्रमित महिलाहरूले होइन परिस्थितिले नै बाध्य श्रमजीवि सर्वहारा महिलाहरूले हो दुनियाँ बदल्ने । जससित दुनियाँ बदल्ने संघर्षको विकल्पदेखि बाहेक अरू कुनै साधन, सहुलियत र सुविधाहरू छैनन् र हुँदैनन् । यसकारण पनि दुनियाँका सबैभन्दा सुन्दरी भनेका श्रमजीवि महिलाहरू नै हुन् ।*

सर्वहारा श्रमजीवी महिलाहरूको सामन्ती, पुँजीवादी र रूढिवादी मान्यताहरूसित खासै कुनै सरोकार हुँदैन । निम्नपुँजीवादी मध्यम वर्गीय बुद्धिजीवीहरू किताब घोकेर, पढेर र क्रान्तिकारी सिद्धान्तको ज्ञान भएर पनि क्रान्तिकारी बन्न सक्दैनन् । परिवर्तनको पक्षमा आफुलाई बदल्न सक्दैनन् वा गाह्रो हुन्छ । निम्नमध्यम वर्ग र मध्यम वर्गीय स्त्रीहरूको हकमा पनि त्यही कुरा लागु हुन्छ ।

मार्क्सले "श्रमजीवि सर्वहाराहरू परिस्थितिले नै क्रान्तिकारी हुन्छन्, त्यसो हुँदा दुनियाँ बदल्ने क्रान्तिको मुख्य शक्ति, नायक र नेतृत्व श्रमजीवि सर्वहारा वर्ग नै हुन्" भनेका थिए । श्रमजीवि सर्वहारा महिलाहरू पनि सामन्ती बुर्जुवा मान्यता, रूढी, संस्कार र पूर्वाग्रबाट निम्नमध्यम वर्ग वा मध्यम वर्गका महिलाहरू प्रभावित र पीडित हुने गरेझैं हुँदैनन् । मार्क्सले भनेझैं उनीहरू परिस्थितिले नै क्रान्तिकारी हुन्छन् ।

नीजि सम्पत्तिमा आधारित पितृसत्तावादका कारण सर्वहारा पुरूषहरूबाट समेत पीडित हुनु परेका श्रमजीवी सर्वहारा महिलाहरू हरेक दिन, हरेक पल, हरेक क्षण बाँच्नको लागि संघर्ष गर्नुपर्ने र संघर्ष बिना बाँच्न सक्दैनन् । जीवन र संघर्षमा फरक नहुने, जीवन र संघर्षलाई एउटै रूपमा बुझ्ने ती महिलाहरूले नै जीवन र संघर्षको मूल्य पनि बुझ्दछन् र जीवन र संघर्षको मूल्य बुझ्ने क्रममा नै ती दुनियाँलाई पनि बदल्छन् ।

निम्नमध्य वर्ग र मध्यम वर्गका महिलाहरू जीवनका लागि, बाँच्नका लागि सर्वहारा महिलाहरूले जस्तो संघर्ष गर्दैनन् । ती सुविधाहरू, अधिकतम् र अतिरिक्त सुविधाहरूका लागि संघर्ष गर्छन् । सम्भ्रान्त बुर्जुवा मध्यम वर्गीय नारीवादी चेतनाले स्त्री अस्मिता-अस्तित्व, स्त्री मुक्ति र क्रान्तिको कुरा गरेपनि ती आ-आफ्नै दायरा र सुविधाभित्र अधिकतम र अतिरिक्त सुविधाका लागि गरिने स्त्री संघर्ष हुन्छ । त्यसो हुँदा अतिरिक्त सुविधाहरुका लागि गरिने क्रान्ति ढिलै भएपनि हुन्छ । बिस्तारै भए पनि हुन्छ । संसार अहिले नै परिवर्तन हुनुपर्दैन र सिंगो संसारको परिवर्तनको खाँचो पनि पर्दैन । यसको विपरीत हरेक पल कठोर, निरश संघर्ष गरेर बाँच्नुपर्ने सर्वहारा महिलाहरूका लागि तर, सबैभन्दा पहिला, बढी र अहिले तत्कालै, तुरुन्तै र चाढै परिवर्तन चाहिएको हुन्छ वा आवश्यक हुन्छ । त्यसो र सर्वहारा महिलाहरू नै सबैभन्दा बढी परिवर्तनका पक्षमा, हिमायती हुन्छन् ।

निम्नमध्यम वर्ग र मध्यम वर्गकालाई यो संसार अहिले नै परिवर्तन हुनुपर्छ भनेर धेरै हुट्हुट्याउ छैन । हामीसित आज खाइसकेपछि भोलि खानलाई पनि पुग्छ । अझ हामी सम्भ्रान्त वर्ग र नवधनाढ्य वर्गमा रूपान्तरित हुँदै गएकाहरूसित नाति/पनातीको पालोसम्मका लागि पनि राम्रै जोहो गरिएको हुँदा आजै किन परिवर्तन चाहियो ? तुरून्तै किन क्रान्ति चाहियो ? क्रान्ति त विस्तारै आफ से आफ परिस्थिति बनेपछि आफ से आफ आफै हुने, भइहाल्ने कुरा हो । दुर्गामी अनन्त भविष्यको कुरा गरेर सुविधापूर्ण संक्रान्तिलाई भंग गरेर कोरा अशान्तिको कोरा कुरा किन गर्नुपर्‍यो र ? बरू अहिले सुविधापूर्ण संक्रान्तिमा चाहिएभन्दा बढी खाने र खान पाइने हुँदा तुरन्तै खाएको पचाउने र भूँडी घटाउने व्यायाम शालाहरू चाहियो । अहिले नै मरिन्छ भन्ने छैन । अब त्यसो र बुढेसकालसम्म पनि जवान, स्फूर्त, शारिरिक चुस्तफुस्त, सुन्दरता र मानसिक तन्दरूस्तीका लागि डायटिङ्ग, पार्क, रिसोर्टहरूमा हावा खानेदेखि सुन्दरताको सुखद् अवलोकन गर्ने भ्यूटावरहरू चाहियो । लौकिक सुन्दरता र सपनामा पनि अलौकिक शान्ति कायमको लागि धार्मिक महन्त, सन्तसद्‌गुरू बाबाजीहरूको दिव्यवाणी र दिव्य प्रवचनहरू श्रवण गर्नुपर्‍यो । बुर्जुवा शान्ति, क्रान्ति र विद्रोह जे भने पनि अब यही हो । मध्यमवर्गीय बुर्जुवा शान्ति वा सम्भ्रान्त नारीमुक्ति क्रान्ति, विद्रोह चेतना वा परिवर्तन भनेको पनि यही हो ।

सामन्ती, बुर्जुवा, कुरूप सौन्दर्य र सुन्दरताका विकृत चेतनाद्वारा दिग्भ्रमित महिलाहरूले होइन कि परिस्थितिले नै बाध्य श्रमजीवि सर्वहारा महिलाहरूले नै हो दुनियाँ बदल्ने । जससित दुनियाँ बदल्ने संघर्षको विकल्पदेखि बाहेक अरू कुनै साधन, सहुलियत र सुविधाहरू छैनन् र हुँदैनन् । यसकारण दुनियाँका सबैभन्दा सुन्दरी भनेका श्रमजीवि महिलाहरू नै हुन् । जो पुँजीवादी कृतिम र बनावटी सुन्दरताबाट कत्तिपनि विचलित र प्रभावित नभई जस्तोसुकै परिस्थितिमा पुँजीवादसित टक्कर लिन सक्षम छन् र हुन्छन् ।

## तपाईंको राशिफल

- **मेष** : प्रसिद्धिमा वृद्धि हुनेछ । अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुपर्ने देखिन्छ ।
- **वृष** : व्यापारिक कार्यहरुमा राम्रो लाभ हुने योग छ । तर, विरोधी सक्रिय रहन्छन् ।
- **मिथुन** : शैक्षिक प्रगति हुनेछ । बाहरी सम्बन्ध राम्रो रहन्छ ।
- **कर्कट** : विदेश यात्राको योग छ । शत्रु परास्त हुनेछन् ।
- **सिंह** : यात्राको लागि समय उत्तम छ । बाहन सावधानी जरुरी छ ।
- **कन्या** : शत्रु कमजोर हुनेछन् । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
- **तुला** : सन्तुलित आहार लिनुपर्छ । मनोबल उच्च रहनेछ ।
- **वृश्चिक** : काम बन्ने योग देखिन्छ । प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ ।
- **धनु** : कुनै पनि कार्यमा हतार नगर्नु होला । बाहन सावधानी राख्नुहोला ।
- **मकर** : धार्मिक कार्यमा सहभागिता बढ्छ । प्रभावमा वृद्धि हुने योग छ ।
- **कुम्भ** : सम्पर्कमा वृद्धि हुनेछ । पुराना कामहरु सफल हुनेछन् ।
- **मीन** : स्वास्थ्यमाथि विशेष ध्यान दिनुपर्ने देखिन्छ । कार्य सफल हुनेछन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# ब्राजिलका पूर्वराष्ट्रपतिमाथि छानविन गर्न सर्वोच्च अदालत सहमत

**काठमाडौं/एजेन्सी–** ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोले देशको कांग्रेस, सर्वोच्च अदालत र राष्ट्रपति कार्यालयमा तोडफोड गर्ने अति दक्षिणपन्थी भीडलाई उक्साएको हो वा होइन भन्ने विषयमा अनुसन्धान गर्ने बिषयमा ब्राजिलको सर्वोच्च अदालत सहमत भएको छ।

न्यायाधीश एलेक्जेन्ड्रे डी मोरेसले पूर्व राष्ट्रपति बोल्सोनारोले दंगाको दुई दिनपछि फेसबुकमा पोस्ट गरेको भिडियोलाई उद्धृत गर्दै भएको अनुसन्धानमा बोल्सोनारोलाई समावेश गर्न अभियोजकको कार्यालयबाट अनुरोध गरेका थिए।

लुइज इनासियो लुला दा सिल्भालाई राष्ट्रपतिमा निर्वाचित नगरिएको तर सर्वोच्च अदालत र ब्राजिलको निर्वाचन प्राधिकरणले छानेको दाबी गरिएको छ। यद्यपि बोल्सोनारोले दंगापछि भिडियो पोस्ट गरेका थिए भने अर्को दिन यसलाई हटाएका थिए।

बोल्सोनारोले अक्टोबर ३० मा पराजय भोगेपनि चुनावबारे निरन्तर टिप्पणी गरिरहेका छन्। उनले मतदानको दौडान इलेक्ट्रोनिक मतदान प्रणालीको विश्वसनीयताको बारेमा बारम्बार शंका उत्पन्न गर्दै त्यसपछि मेशिनको प्रयोग गरेर खसालिएका लाखौं मतपत्रहरू रद्द गर्न अनुरोध गर्दै आएका छन्। उनले आफूमाथि लगाइएका आरोपलाई कहिल्यै स्वीकार गरेका छन्।



पूर्व राष्ट्रपतिको कुनै पनि दाबी प्रमाणित भएको थिएन र निर्वाचनको परिणामलाई बोल्सोनारोका केही सहयोगी र प्राय विदेशी पर्यवेक्षक तथा सरकारहरूले कानुनी रूपमा मान्यता दिएका थिए।

गत डिसेम्बरको अन्त्यमा ब्राजिल छोडेका उनले जनवरी १ मा आफ्नो बामपन्थी उत्तराधिकारीको सपथ ग्रहण समारोहमा सहभागी भएका थिएनन्। उनी ओर्लान्डोको उपनगरमा बस्दै आएका छन्। ब्राजिलका केही प्रजातान्त्रिक सांसदले राष्ट्रपति जो बाइडेनलाई बोल्सोनारोको भिसा रद्द गर्न आग्रह गरेका छन्।

न्यायाधिशको निर्णयपछि बोल्सोनारोका वकिल फ्रेडरिक वासेफले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'पूर्व राष्ट्रपतिले जनवरी ८ देखि भएको तोडफोड र विध्वंसात्मक कार्यलाई गैरकानुनी भन्दै आउनुभएको छ।' विज्ञप्तिमा बोल्सोनारोको यी स्वतःस्फूर्त भएका सामाजिक आन्दोलनसँग कुनै सम्बन्ध वा सहभागिता नभएको पनि उल्लेख गरिएको छ। जनवरी २ मा संघीय जिल्लाको सुरक्षा प्रमुख बनेका बोल्सोनारोका पूर्व न्यायमन्त्री एन्डरसन टोरेस दंगाको दिन अमेरिकामा थिए।

डे मोरेसले यसै हप्ता टोरेसलाई पक्राउ गर्न आदेश दिएका छन्। उनको कार्यको अनुसन्धान शुरु गरेका छन्, जसलाई उनले 'उपेक्षा र मिलेमतो' को रूपमा चित्रण गरेका छन्। शुक्रबार सार्वजनिक गरिएको आदेशमा डे मोरेसले भनेका छन्, 'टोरेसले अधीनस्थहरूलाई बर्खास्त गर्नु र दंगा अघि देश छोड्नु जानीजानी अशान्तिको लागि आधार तयार गरेको देखिन्छ।'

अदालतले पूर्व सुरक्षा प्रमुखका लागि पक्राउ पुर्जी पनि जारी गरेको छ र उनी तीन दिनभित्र स्वदेश फर्किनुपर्ने अन्यथा ब्राजिलले उनको सुपुर्दगीका लागि अनुरोध गर्ने न्यायमन्त्री फ्लाभियो डिनोले शुक्रबार बताएका छन्।

टोरेसले गलत कामको खण्डन गर्दै जनवरी १० मा ट्वीटरमार्फत् जारी सन्देशमा भनेका छन्, 'मैले ब्राजिल फर्कन र आफ्नो पक्षमा प्रतिरक्षा गर्न छुट्टीलाई घटाउने तयारी गरिरहेको छु।' टोरेसको भनाइ आएको तीन दिन बितिसक्दा पनि उनी स्वदेश फर्किएका छैनन्।

# आँधीका कारण अलाबामामा ९ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** अमेरिकाको अलाबामा राज्यमा बिहीबार आएको आँधीमा परी नौ जनाको मृत्यु भएको छ। उक्त क्षेत्रमा उद्धार कार्य जारी रहेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ।



उद्धारकर्ताहरूले प्रभावित क्षेत्रमा घर-घरै पुगेर मृतक र घाइतेहरूको खोजी कार्य जारी राखेका छन्। जर्जिया शहरको स्पाल्डिङ काउन्टीमा, मध्य-विद्यालयका प्रिन्सिपलहरूले विद्यार्थीहरूलाई परिवारसँग पुनर्मिलन गर्न मद्दत गर्न पनि सतपकारवाला निकायलाई अनुरोध गरेका छन्।

नजिकैको बट्स काउन्टीमा एउटा रूख लडेर गाडीमा गाडीलाई ठक्कर दिँदा पाँच वर्षीय बालकको मृत्यु भएको र उनका आमाबाबु गम्भीर घाइते भएको बताइएको छ।

यसैगरी मोन्टगोमेरी नजिकैको अटाउगा काउन्टी आँधीका कारण सबैभन्दा बढी प्रभावित भएको छ। स्थानीय अधिकारीहरूले बताएअनुसार शुक्रबारसम्म मारिएका नौ जना मध्ये सात जना औटागाका बासिन्दा थिए।

सेल्मा नजिकैको शहरबाट कुनै हताहती नभएको भएपनि घर र व्यापार लगायत शहरका धेरैजसो क्षेत्रमा व्यापक क्षति पुगेको छ।

आँधीले यस चीसो मौसममा व्यापक असर गरेको छ। स्थानीय अधिकारीहरूले प्रभावित क्षेत्रभरि स्थानीयहरूलाई थप खतराहरूको चेतावनी दिदैं सडकबाट टाढा रहन आग्रह गरेका छन्।

यसैगरी जर्जिया शहरमा पनि आँधीँबाट धनजनको क्षति भएको छ। हजारौं घरमा बिजुली पुनर्स्थापनाका लागि व्यापक अभियान चलिरहेको छ। भग्नावशेषमा मानिसहरु अझै फसेको हुनसक्ने भएकाले खोजी अभियान चलाइएको छ। सन् २०२१ डिसेम्बरमा अमेरिकाका छवटा राज्यमा आँधीबेहरीका कारण ८० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो जसमा केन्टकी जिल्ला न्यायाधीशले पनि आफ्नो ज्यान गुमाएका थिए।

# जासुसीको आरोप लागेका पूर्वमन्त्री अकबरीलाई मृत्युदण्ड

काठमाडौं/एजेन्सी- इरानले आफ्नो देशको रक्षा मन्त्रालयका निम्ति कुनै समय काम गरेका एकजना पूर्वमन्त्रीलाई बेलायतका लागि जासुसी गरेको अभियोगमा मृत्युदण्ड दिइएको बताएको छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा मृत्युदण्डको विरोध भए पनि इरानले उनलाई मृत्युदण्ड दिएको हो।



इरान र बेलायतको दोहोरो नागरिकता लिएका भूतपूर्व रक्षा उपमन्त्री अलीरेजा अकबरीलाई बेलायतको गुप्तचर संस्था एमआई-६ का निम्ति जासुसी गरेकाले हालै फाँसी दिएको शनिबार घोषणा गरेको हो।

गत बुधबार अकबरीको परिवारलाई उनलाई भेट्न कारागारमा जान भनिएको तथा उनकी श्रीमतीले एकान्त कारागारमा आफ्ना पतिलाई सारिएको बताएकी थिइन्। अकबरीलाई तीन वर्षअघि पक्राउ गरिएको थियो। जासुसीको आरोपमा उनलाई दोषी ठहर गरिएको थियो तर सबै आरोपको उनले अस्वीकार गरेका थिए।

बेलायतले इरानलाई मृत्युदण्ड रोक्न तथा उनलाई तत्काल रिहा गर्न आग्रह गरेको थियो। बेलायतका विदेशमन्त्री जेम्स क्लिभरलीले मृत्युदण्डको सजाय मानव जीवनलाई पूर्णरूपमा बेवास्ता गर्ने बर्बर शासनद्वारा राजनीतिकरूपमा प्रेरित काम भएको टिप्पणी गरेका छन्। अमेरिकाले पनि इरानको उक्त कदमको आलोचना गरेको छ। अकबरीमाथि लगाइएको आरोप र मृत्युदण्डको सजायलाई 'राजनीतिकरूपमा प्रेरित' भन्दै हिरासतमा यातना दिएर आरोप स्वीकार गर्न बाध्य पारिएका खबरले चिन्तित तुल्याएको बताएको छ।

# चीनविरुद्धको गठबन्धनलाई बलियो बनाउँदै अमेरिका र जापान



**काठमाडौं/एजेन्सी–** इन्डो-प्यासिफिक क्षेत्रमा चीनको बढ्दो प्रभावलाई दृष्टिगत गर्दै जापानी प्रधानमन्त्री फुमियो किशिदाले शुक्रबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति बाइडेनसँग भेट गरेका छन्। सो अवसरमा दुई देशबीचको गठबन्धनलाई थप बलियो बनाउने विषयमा सहमति भएको बताइएको छ। दुबै पक्षले सुरक्षा रणनीतिबारे छलफल गरेको जापानको एनएचके वर्ल्डले उल्लेख गरेको छ।

ह्वाइट हाउसमा भएको भेटमा प्रधानमन्त्री किशिदा र राष्ट्रपति बाइडेनबीच दुई घण्टा लामो कुराकानी भएको थियो। सो वार्तामा किशिदाले जापानले आफ्नो सुरक्षा रणनीतिमा उल्लेखनीय परिवर्तन गरेको बताएका थिए। सो परिवर्तित नीतिहरूमा उल्लेख्यरूपमा रक्षा बजेटमा वृद्धि र काउन्टर स्ट्राइकको योजना लगायतका विविध विषय समावेश छन्। क्षेत्रीय शान्ति र सुरक्षा कायम गर्न जापानी प्रधानमन्त्रीले जापानको सुरक्षा रणनीतिमा जोड दिएकाले सुरक्षा वातावरण पहिलेभन्दा धेरै गम्भीर र जटिल भएको उल्लेख गरेको एनएचके वर्ल्ड उललेख गरेको छ।

राष्ट्रपति बाइडेन र जापानी प्रधानमन्त्रीले ताइवान स्ट्रेटमा द्वन्द्वबाट बच्न आफ्नो प्रतिबद्धता दोहोर्याएको बैठकपछि ह्वाइट हाउसले शुक्रबार जारी गरेको संयुक्त विज्ञप्तिमा जनाइएको छ।

'हामी ताइवानमा हाम्रा आधारभूत अडानहरू अपरिवर्तित रहने कुरामा जोड दिन्छौं साथै अन्तर्राष्ट्रिय समुदायमा सुरक्षा र समृद्धिको अपरिहार्य तत्वको रूपमा ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम राख्ने महत्त्वलाई दोहोर्‍याउँदछौं,' ह्वाइट हाउसले भनेको छ।

अगस्टको शुरुमा अमेरिकी पूर्व सभामुख न्यान्सी पेलोसीले चीनलाई आक्रोशित पार्दै ताइवानको भ्रमण गरेपछि ताइवान वरपरको स्थितिमा सुरक्षा संवेदनशीलता बढेको थियो। यसैगरी पछिल्ला महिनाहरूमा फ्रान्स, जापान र अन्य पश्चिमी देशहरूले पनि यस टापुमा आफ्ना प्रतिनिधिमण्डलहरू पठाएर सुरक्षा संवेदनशीलतालाई थप पेचिलो बनाएका थिए।

ह्वाइट हाउसको विज्ञप्ति अनुसार राष्ट्रपति बाइडेनले जापानको नयाँ राष्ट्रिय सुरक्षा रणनीति, राष्ट्रिय रक्षा रणनीति र रक्षा निर्माण कार्यक्रमको पनि प्रशंसा गरेका छन्।

यसै बीच कोभिड-१९ महामारी लगायतका विषयमा पर्याप्त र पारदर्शी डेटा उपलब्ध गराएर विश्वभरका जनस्वास्थ्य अधिकारीहरूलाई मद्दत गर्न पनि अमेरिका र जापानका नेतद्वयले चीनलाई विशेष आग्रह गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, 'हामी चीनलाई कोभिड-१९ को फैलावट सम्बन्धी पर्याप्त पारदर्शी एपिडेमियोलोजिकल र भाइरल जीनोमिक अनुक्रम डेटा सार्वजनिक गर्न पनि आह्वान गर्दछौं। जसले विश्वभरका जनस्वास्थ्य अधिकारीहरूलाई महामारिको फैलावट कम गर्न र कुनै पनि सम्भावित नयाँ भेरियन्टहरू पहिचान गर्न सहयोग पुर्‍याउने छ।'

# रुस–युक्रेनबीच वार्ताको वातावरण बनाउन चीनको जोड



**काठमाडौं/एजेन्सी–** रुस-युक्रेन युद्ध चाडोभन्दा चाँडो अन्त्य होस् भन्ने चिनियाँ चाहना व्यक्त गर्दै संयुक्त राष्ट्रसंघका लागि चीनका राजदूत झाङ जुनले त्यस निम्ति वार्ताको वातावरण बनाउनुपर्नेमा जोड दिएका छन्। रुस-युक्रेन वार्ताको वातावरण बनाउन पहल अन्तर्राष्ट्रिय समुदायबाट हुनुपर्ने पनि उनले बताए।

राष्ट्रसंघीय सुरक्षा परिषद्मा चिनियाँ राजदूतले आपसी मतभेद मिलाउन सरकारवाला पक्ष वार्तामा बस्नुपर्नेमा जोड दिए। उनले जारी द्वन्द्व अन्त्य गर्न तथा युरोपेली सुरक्षा संरचना सुदृढ तुल्याउन वार्ताको प्रयत्न हुन जरुरी भएको विचार व्यक्त गरे। विशेष गरी वर्तमान परिस्थितिमा ठूलो प्रभाव पार्ने देश तथा अन्तर्राष्ट्रिय समुदायले रुस र युक्रेनलाई वार्तामा संलग्न हुन र संकटको राजनीतिक समाधानको मार्ग पहिल्याउन मद्दत गर्नुपर्ने चिनियाँ स्थायी प्रतिनिधिले बताए।

नाकाबन्दीको अवधि बढाउने तथा हातहतियारको आपूर्तिलाई निरन्तरता दिँदा परिस्थिति अझ जटिल हुने चेतावनी दिँदै चिनियाँ कूटनीतिज्ञले द्वन्द्व घटाउनेतर्फ लाग्नु अपरिहार्य भएको बताए। साथै उनले युद्धबाट प्रभावितलाई मानवीय सहायता उपलब्ध गराउनुपर्ने र युक्रेनका क्षतिग्रस्त ऊर्जा पूर्वाधार यथाशीघ्र मर्मत गराउन आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिए। शान्ति स्थापनाका सबै काममा चीनको सक्रिय सहभागिता एवं सहयोग रहने पनि उनले स्पष्ट गरे।

जापोरिझहिया आणविक ऊर्जा केन्द्रको सुरक्षामा असर पार्ने सबै सैन्य कारबाही तत्काल बन्द गर्न आग्रह गर्दै चीनले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएईए) लाई केन्द्रका सम्बन्धमा रुस र युक्रेनसँग सञ्चार कायम राख्न सहयोग गर्ने जानकारी राजदूत झाङले दिए।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/०१**

**प्युठान स्वर्गद्वारी प्रभु इन्स्टिच्युट प्रा.लि.** को मिति २०७९/०९/१८ गतेमा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दुर्गा एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.: २३०५००)** कायम गर्ने गरी मिति २०७९/०९/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**यसम, ओखलढुंगा, प्रदेश नं. १, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/१०/०१**

यस कार्यालयबाट राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित सूचना अनुसार बिद्युतिय माध्यमबाट दर्ता भएका देहाय अनुसारका बोलपत्रहरु यस कार्यालयको मिति २०७९/०९/२९ गतेको निर्णयानुसार न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐनको दफा ४७ समेतको प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | LRM/NCB/ Bilding 2079/80-01 | Construction of Ward Office Building of Ward No. 3 of Likhu Rural Municipality, Okhaldhunga | Gaiya Devi Construction and Suppliers Pvt. Ltd., Likhu-3 Okhaldhunga | 30,28,654.20 |
| 2 | LRM/NCB/ Bilding 2079/80-02 | Construction of Ward Office Building of Ward No. 5 of Likhu Rural Municipality, Okhaldhunga | Chandra Siddha Construction Pvt. Ltd. Likhutamakoshi-6 Ramechhap | 30,68,986.00 |
| 3 | LRM/NCB/ Bilding 2079/80-03 | Construction of Ward Office Building of Ward No. 7 of Likhu Rural Municipality, Okhaldhunga | Gaiya Devi Construction and Suppliers Pvt. Ltd., Likhu-3 Okhaldhunga | 32,64,201.78 |

**Chief Administrative Officer**


## साउदीमा रोजगार
कम्पनीः Wadha Shleweh Al Shammari Contracting Est
शहरः Saudi Arabia,RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/२९ चलानी नं.: ६०१९५००२ L.T. No.: 279507

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ८ गते (22 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Yatra H.R. Solution Pvt. Ltd.
Gov. Lic No. 1096/073/074
Gaurighat-7, Kathmandu, Tel: 4114682/4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com



## साउदी र कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः FADEL BIN HUSSAIN BIN ALI AL SADEER GENERAL CONTRACTING EST शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०६/१२ चलानी नं.: ६०१९४९९६ LT. No.: 272702

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 15 | 0 | स. काममा दक्ष | 1000 | ३४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१. कम्पनीः AL LIWAN SUITES शहरः Qatar
पूर्व स्वीकृत मितिः २०७९/०२/१९ चलानी नं.: ६०१८५४७५ LT. No.: 264137 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस ८ गते (22 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको १०,००० कतारको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

ब्लु बर्ड ओभरसिज प्रा. लि.
License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६३४, ४५३८९३५ मो.: ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

# बक्स अफिस समाचार

## ‘संगीतको बजार सुस्ताएको छैन’



**शान्तिराम राई,**
संगीतकार

५१ वर्ष अगाडि खोटाङ जिल्लाको दिक्तेलमा जन्मिएर २०४५ सालमा काठमाडौं प्रवेश गरेका संगीतकार तथा प्राज्ञ **शान्तिराम राई** हालका दिनसम्म पनि निरन्तर संगीत सिर्जनामै व्यस्त छन् । झण्डै दुई हजार गीतमा संगीत भरिसकेका राई थुप्रै राष्ट्रिय पुरस्कार तथा सम्मानहरुबाट सम्मानित एवं पुरस्कृत भइसकेका छन् । २०७६ मा राष्ट्रपतिको बाहुलीबाट प्रवल जनसेवाश्री विभुषणबाट विभुषित संगीतकार शान्तिराम राईले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**एक समयको व्यस्त संगीतकार तपाईं हिजोआज फुर्सदमा हो कि चर्चाबाट टाढा रहनु भएको ?**

अहिले पनि संगीत सिर्जनामा नै व्यस्त छु। भरखरैमात्र नेपाल आदिवासी जनजाती जापानको गीतको रेकर्डिङ सकियो । कोरियामा कार्यरत कवि तथा गीतकार शकुन आँशुको रचनालाई अहिलेकी चर्चित गायिका सुनिता थेगिम र भ्वाइस अफ नेपालका गायक परेस राईको स्वरमा पनि रेकर्डिङ सकियो। कवि तथा गीतकार अशोक शेरचनको रचनामा प्रमोद खरेलको स्वर पनि रेकर्ड गरियो भने यही पुसभित्रै डा. त्रिशाला गुरुङको स्वरमा रेकर्डको अन्तिम तयारी गर्दैछु। यस हिसावले चारवटा संगीत त यही पुस महिनामै रेकर्ड भयो भन्दा नि हुन्छ। यस हिसावले म आफ्नो व्यावसायिक सांगीतिक सिर्जनशील क्षेत्रमा निरन्तर क्रियाशील छु। तर सही कुरा हो यो कि म चर्चा भन्दा टाढा छु।

**नेपाल संगीतकार संघको अध्यक्ष रहिसक्नु भएको छ, तपाईंको कार्यकालमा भएका उल्लेखनीय काम र चाहेर पनि गर्न नसक्नु भएको र पछिल्लो कार्यसमितिहरुले त्यसलाई कसरी निरन्तरता दिए वा दिएनन् ?**

म संगीतकार संघको अध्यक्ष भएपछि विश्व कोरोनाको महामारीमा फस्यो । चाहेर पनि धेरै काम गर्न सकिएन । तथापि संगीतकारहरुको हक र अधिकारका लागि थुप्रै काम गरियो । आर्थिकरुपले संस्थालाई मजबुत बनाउने काम गरियो । संस्थामा म आउँदा १८ लाख रुपैयाँ थियो । मैले छाड्दा २९ लाख रुपैयाँ थियो हाम्रो खातामा । यो स्वयंसेवी संस्था हो । कामहरु विस्तारै हुँदै जान्छ आवश्यकता र औचित्यताको आधारमा । पछिल्लो कार्यसमितिले निरन्तर योजना बनाएर काम गरिरहेको छ। यसबाट म सन्तुष्ट नै छु।

**प्रज्ञा प्रतिष्ठान जस्तो गरिमामय संस्थामा प्राज्ञ बन्नुभयो कस्तो अनुभव रह्यो ?**

प्रज्ञा प्रतिष्ठानको गठन नै पहिलोपटक भएको थियो र त्यसको पहिलो नियुक्ति हुने अवसर मैले पनि पाएँ। प्रतिष्ठानलाई नियमित गराउन थुप्रै ऐन नियमावलीहरु बनाउनु पर्ने थियो, त्यो हामीले बनायौं। तत्कालीन कुलपति अम्बर गुरुङमा भएको अदुरदर्शिता र संकुचित मानसिकताका कारण चाहेर पनि धेरै काम गर्न सकेनौं जुन गर्न सकिन्थ्यो ।

**पछिल्लो गीतसंगीतको अवस्थालाई कसरी हेरिरहनु भएको छ ?**

समयानुकुल यो आफ्नै गतिमा परिमार्जित हुँदै अगाडि बढिरहेको छ। सामाजिक सञ्जाल र युट्युबका कारण विश्वका संगीत तत्कालै हेर्न र सुन्न सकिने भएकाले दर्शक स्रोताहरुलाई परम्परावादी संगीतको स्वादबाट सन्तुष्ट गराउँछु भन्ने नसोचे पनि हुन्छ अहिले ।

**प्राविधिको सुविधाले गर्दा गायक, संगीतकारले सिर्जनामा मिहेनत गर्न छाडेको कारण संगीतको बजार सुस्तायो भन्छन् नि ?**

संगीतको बजार खासै सुस्ताएको त छैन, तर मिहेनत अलि कम भने हुन थालेको छ । पछिल्लो समय बजारमा धमाका मचाउने संगीत नआउनु यसको प्रमाण हुनसक्छ। तथापि भन्न सकिन्न कतिखेर कुन संगीतले माहोल तताउँछ।

**सिर्जनाको कपिराइटलाई लिएर विवाद भइरहनुको कारणप्रति तपाईंको धारण ?**

प्रतिलिपि अधिकारसम्बन्धी चेतना अभाव छ श्रष्टाहरुमा । वौद्धिक सम्पत्तिको अधिकारको विषयमा पनि धेरै ज्ञान नभएको अवस्था हो । यी कारणहरुले विवाद त आइरहने भयो नै । फेरि श्रष्टाहरुमा सांगीतिक सैद्धान्तिक र सिर्जनशील पक्षको अध्ययन अनुसन्धान गर्ने विशिष्ट पक्षको अज्ञानता अझै यसका कारण हुनसक्छ। त्यसो त सरोकारवाला स्टेकहोल्डरहरुले यस सम्बन्धी समय समयमा वौद्धिक बहस, छलफल, सेमिनार नगरिदिँदा पनि यसो हुन स्वभाविक देखिएको छ।

**सबैलाई थाहा छ अडियो क्यासेट वा सिडि बिक्री शून्य छ। तर पनि रेकर्डिङ स्टुडियोहरुमा भीड कम नहुनुको कारण ?**

प्रविधिले रातारात मारेको फड्कोका कारण हाल क्यासेट र सिडीहरु एकादेशको कथा बन्न पुग्यो। तर डिजिटल मार्केट पछिल्लो समय फष्टाएको छ। हिजो मिडियाको लागि महँगो रोईकराई गर्नु पर्थ्यो। रेडियो, टिभीमा एक पटक गीत बजाउनु धेरै चाकडी गर्नु पर्थ्यो तर आज मानिसको हातहातमा मिडिया भयो। आफ्नै च्यानल खोलेर आफ्नो गीत संगीतको व्यापार गर्न सकिने भयो। हुनसक्छ यीनै कारणहरुले रेकर्ड गर्नेहरुको भीड कमी नभएको हो।

**रोयल्टी र प्रतिलिपिको विषयमा बेलाबखत चर्को आवाज उठ्ने गर्छ, कार्यान्वयन हुन नसक्नुको कारण ?**

लामो संघर्षपछि हामीले रोयल्टी र प्रतिलिपि अधिकारसम्बन्धी धेरै उपलब्धि हासिल गरेका छौं। र, यो कार्यान्वनको तहमा पनि आंशिकरुपले सफल भएकै छ, तर पूर्णरुपमा लागू हुन यसमा सरकारले पनि साथ दिनुपर्छ जो हालसम्म हामीले पाएका छैनौं। भविष्यमा श्रष्टा कलाकारहरुको आँशुको मुल्य बुझिदिने कुनै त्यस्तो सरकारको प्रतीक्षामा हामी छौं।

**गीतसंगीत क्षेत्रको हकहित र प्रवर्द्धनका लागि काम गर्न भनेर दर्जन संघसंस्था खुलेका छन्, ती संस्थाहरुको कार्य सम्पादनप्रति तपाईंको दृष्टिकोण ?**

संस्थागत काम गर्ने अभ्यास भइरहेको देखिन्छ। कलाकारहरु पनि सिक्ने चरणमै छन्। कम्तिमा परेको बेला ढोका ढक्ढक्याउने, जुलुस निकाल्ने, टेबल ठोक्ने, आवाज बुलन्द गर्ने संस्थागत जमात बनेको छ। भविष्यमा यसको उपलब्धि देखिन्छ भन्ने मलाई लाग्छ।

**वर्तमान अवस्थामा गीतसंगीत उत्पादक, वितरक कम्पनीहरुले श्रष्टाको उचित मूल्यांकन गरिरहेको छ कि छैन ?**

उत्पादक र वितरक कम्पनीहरुको पनि आ-आफ्नै समस्या होलान्। पहिला आफूले पनि कमाउनै पर्‍यो होला। त्यसपछि न हो श्रष्टा कलाकारलाई सम्झने कुरा। भविष्यमा उत्पादक वितरकहरुले श्रष्टा कलाकारहरुको उचित मूल्यांकन गर्‍यो भन्ने सुखद समाचार सुन्न पाइन्छ कि।

**चलचित्रमा पनि संगीत भर्नुभयो, चलचित्र र अन्य गीतको संगीत सिर्जनामा के भिन्नता छ ?**

चलचित्रको कुरा त व्यावसायिक कुरा हुन जान्छ। आजपनि नारायण गोपालका गीतहरु त्यति नै कालजयी छन्, जुन चलचित्रकाहरु भएनन्। त्यसैले चलचित्रका काल्पनिक कथामा लेखिएका गीत र वास्तविक जीवनको कथामा लेखिएका गीतहरुमा आकाशपातालकै भिन्नता छ।

**समग्र गीतसंगीतको उत्थान र विकासका लागि के गर्नुपर्ला ?**

समग्र गीत संगीतको उत्थान र विकास गर्न त पहिला भिजन भएका जोशिला वौद्धिक प्राज्ञिक इमान्दार मानिसको खाँचो छ यहाँ। अनि सरकारी गैरसरकारी तहबाट बजेटको व्यवस्थापन हुन जरुरी छ।

**तपाईंका थुप्रै गीतसंगीत स्रोता रुचीका रहे, आफैंलाई चाहिँ मन परेको ?**

‘तिमी तारे भिर’को संगीत अहिले पनि जबजब सुन्छु आङ नै सिरिङ भएर आउँछ। मैले कसरी यो संगीत गरें होला जस्तो लाग्छ।

**वौद्धिक सम्पत्तिको अवधारणा र यसको संरक्षणको महत्वबारे श्रष्टाहरु कत्तिको जागरुक छन् जस्तो लाग्छ ?**

यो विषयमा श्रष्टाहरु काँचा छन्। तर समय समयमा यसबारे बहस र छलफल भइरहनु पर्छ।

**झण्डै दुई दशकको गीतसंगीतको यात्रामा के पाउनु भयो के गुमाउनु भयो ?**

धेरै गुमाएँ जस्तो लाग्थ्यो पहिला तर अहिले हिसाव गर्दा यो क्षेत्रले मलाई धेरै कुराहरु दिएको रहेछ। गीतसंगीतले दिएको अथाह खुशी र आत्मसन्तुष्टिको त हिजो हिसाव नै गरिएन छ। खाली गोजीमा पैसाको अभावको कुरा मात्र गरिएछ।

**गीतसंगी प्रति राज्य उदासीन हुनुको कारण ?**

गीतसंगीतबाट राज्यलाई फाइदा छैन भन्ने सरकारमा बस्ने मान्छेहरुको बुझाई छ। बालुवामा पानीको संज्ञा दिन्छन्। यहीकारण हो जस्तो लाग्छ। तर संसारका सभ्य र विकसित मुलुकहरुले कला, साहित्य, संगीतको विकासलाई आफ्नो राष्ट्रको अस्तित्वसँग गाँसेका हुन्छन् र यथेष्ठ लगानी गरिदिन्छन्।

**अन्त्यमा, युवा पुस्तालाई नेपाली गीतसंगीतप्रति आकर्षित गराउन के गर्नुपर्ला ?**

युवा पुस्ताहरु आफैं आकर्षित भइरहेका हुन्छन्। खाली उनीहरुको सीप सिर्जना र कलालाई राज्यले देशको सम्पत्तीमा रुपान्तरण गरिदिनु पर्छ। व्यावसायिक बन्दै अन्तर्राष्टियकरण गरिदिने वातावरण बनाइदिनु पर्छ।

## ‘प्रसाद २’को छायांकन सम्पन्न



**काठमाडौं/मस–** सुदर्शन थापाले निर्देशन गरेको फिल्म ‘प्रसाद २’को सुटिङ प्याकअप भएको छ। मंसिर २९ गते माछापुच्छे गाउँपालिकाको ल्वाङ गाउँबाट सुरु भएको छायांकन ३१ दिनमा सकिएको हो। शनिबार ल्वाङ गाउँमै फिल्मको अन्तिम सिन खिचियो। सम्पूर्ण छायांकन पूरा भएसँगै फिल्मलाई आगामी नयाँ वर्ष अर्थात् २०८० सालको बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ।

एस.जी फिल्मस् र सुलभ थापा प्रोडक्शनको ब्यानरमा निर्माण भएको फिल्ममा सुदर्शन बस्नेतको लगानी छ। फिल्मका कार्यकारी निर्माता सुवास थापा हुन्। फिल्ममा विपिन कार्की र केकी अधिकारी मुख्य भूमिकामा छन् भने अर्पण थापा, महेश त्रिपाठी, प्रकाश घिमिरे, कमलमणी नेपाल, विशाल पहाडी, निमा पाण्डे लगायतको पनि अभिनय छ। राजेश श्रेष्ठले फिल्म छायांकन गरेका हुन्।

राजनराज सिवाकोटीको संगीत रहेको फिल्मको कथा पत्रकार सुशील पौडेलले लेखेका हुन्। ‘प्रसाद २’, २०७५ सालमा प्रदर्शनमा आएको दिनेश राउत निर्देशित ‘प्रसाद’को सिक्वेल हो। तर, सिक्वेलमा अघिल्लो पार्टका विपिनबाहेक अरु कलाकार दोहोरिएका छैनन्। अर्को फिल्मसँग सेड्युल जुधेका कारण अभिनेत्री नम्रता श्रेष्ठले ‘प्रसाद २’बाट हात झिकेपछि केकी भित्रिएकी हुन्।

## जेलमा रहँदै पलको नयाँ फिल्म ‘ओ सजन’ घोषणा



**काठमाडौं/मस–** बाल यौन दुरूपयोगमा नवलपुर अदालतले २ वर्ष ६ महिनाको जेल सजाय सुनाएपछि तनहुँ जिल्ला कारागारमा सजाय काटिरहेका अभिनेता पल शाहले रिहा भएपछि फिल्म ‘ओ सजन’बाट कमब्याक गर्ने भएका छन्। शिवम् अधिकारीको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मको निर्माणका लागि हिजो शुक्रबार चलचित्र विकास बोर्डबाट इजाजतपत्र लिइएको छ।

फिल्ममा पलको अपोजिटमा मोडल कविता राय रहनेछिन्। उनीहरुले यसअघि ‘ओ सजन’ बोलको थारु गीतमा काम गरिसकेका छन्। गीतझैं फिल्म पनि थारु समुदायको कथामा निर्माण हुन लागेको हो। पलले यो फिल्म कानुनी झमेलामा फस्नुअघि नै सम्झौता गरेका थिए। करिब चार दिन अगाडि निर्देशक अधिकारी तनहुँ कारागार पुगेर पललाई भेटेपछि बोर्डमा फिल्म दर्ता गरिएको हो।

शिवमले भने, ‘पलजी फिल्ममा काम गर्न सकारात्मक हुनुहुन्छ। स्क्रिप्ट लेखन पनि लगभग अन्तिम चरणमा पुगेको छ। उहाँ रिहा भएपछि छायांकन शुरु गर्नेछौं। त्यसबेलासम्म हामी प्रि-प्रोडक्सनको काम सकेर तयारी अवस्थामा रहनेछौं।’ १ करोडको लागतमा निर्माण हुन लागेको फिल्ममा नरेश योगीको गीत रचना रहनेछ। कविताको कम्पनी राया फिल्मस्ले ‘ओ सजन’को निर्माण गर्नेछ। पटक-पटक स्थगित हुँदै आएको पलविरुद्धको जबरजस्ती करणीको मुद्दाको सुनुवाइ आगामी माघ ३ गते तनहुँ जिल्ला अदालतमा हुँदैछ। तनहुँ अदालतले सफाइ दिने वा कैद सजाए तोक्ने फैसला हुने अनुमान गरिएको छ। नवलपुर अदालतको फैसलाविरुद्ध शाहले उच्च अदालत पोखरामा पुनरावेदन दिइसकेका छन्। आगामी फागुनमा पल शाहले जेल जीवन बिताएको एक वर्ष पुग्दैछ।

एनभीए क्लब भलिबल च्याम्पियनसिप

# उपाधिका लागि पुरुषतर्फ आर्मी र हेल्प नेपाल महिलातर्फ पुलिस र न्यु डायमण्ड भिड्ने

**काठमाडौं/मस–** राजधानीमा जारी सातौं एनभीए राष्ट्रिय पुरुष तथा महिला क्लब भलिबल च्याम्पियनसिपको फाइलमा पुग्ने टोलीहरुको टुंगो लागेको छ । पुरुषतर्फ साविक विजेता त्रिभुवन आर्मी क्लब र टिप टप हेल्प नेपाल फाइनलमा प्रवेश गरेका छन् भने महिलातर्फ नेपाल पुलिस क्लब र होङ्गान्जी न्यु डायमण्ड युथ स्पोर्ट्स क्लब फाइनलमा प्रवेश गरेका छन् ।

शनिबार भएको सेमिफाइनल खेलमा पुरुषतर्फ नेपाल एपीएफ क्लबलाई पराजित गर्दै आर्मी फाइनलमा पुगेको हो भने नेपाल पुलिस क्लबलाई पराजित गर्दै हेल्प नेपाल फाइनलमा पुगेको हो । अब पुरुषतर्फको उपाधिका लागि फाइनलमा आर्मी र हेल्प नेपालबीच प्रतिस्पर्धा हुने छ।

यस्तै महिलातर्फ एपीएफलाई पराजित गर्दै पुलिस फाइनलमा प्रवेश गरेको हो भने आर्मीलाई पराजित गर्दै न्यु डायमण्ड फाइनलमा प्रवेश गरेको हो । अब महिलातर्फको उपाधिका लागि फाइनलमा पुलिस र न्यु डायमण्डबीच प्रतिस्पर्धा हुने छ ।



उपाधि नजिक पुग्ने क्रममा पुरुषतर्फ आर्मीले एपीएफलाई ३-० को सोझो सेटमा हराएको हो । प्रतिस्पर्धात्मक बनेको पहिलो सेट आर्मीले २५-२३ ले आफ्नो पक्षमा पार्न सफल भयो । आर्मीले २३-२३ को बराबरीको अवस्थाबाट लगातार २ अंक जोड्दै जित निकाल्न सफल भयो । दोस्रो सेट भने आर्मीले २५-१७ ले सहजै जित्न सफल भयो । तेस्रो सेट २५-१७ को सहजै जित्दै आर्मी फाइनलमा प्रवेश गर्न सफल भयो ।

यस्तै फाइनलमा प्रवेश गर्ने क्रममा हेल्प नेपालले पुलिसलाई ३-२ को सेटमा पराजित गरेको हो । पहिलो सेट हेल्प नेपालले २५-२३ ले आफ्नो पक्षमा पारेको थियो । दोस्रो सेटमा सुरुवातदेखि नै पछि परेको हेल्प नेपालले पूनरागमन प्रयास गरेपनि २४-२६ ले गुमाउन पुग्यो ।

तेस्रो सेटमा भने हेल्प नेपालले २५-१७ को सहज जित निकाल्न सफल भयो । चौथो सेट हेल्प नेपालले २०-२५ ले गुमाउन पुग्यो । तर, निर्णायक तथा पाँचौ सेटको सुरुमा २-० ले पछि पर्नुका बावजुत उत्कृष्ट प्रदर्शन गर्दै हेल्प नेपालले १५-८ को सहज जित निकाल्दै फाइनलमा स्थान बनाउन सफल भयो ।

त्यस्तै महिलातर्फ उपाधि नजिक पुग्ने क्रममा पुलिसले एपीएफलाई ३-२ को सेटमा पराजित गरेको हो । पहिलो सेट पुलिसले २५-१५ ले आफ्नो पक्षमा पारेको थियो । त्यसपछिको दुवै सेट एपिएफले आफ्नो पक्षमा पार्दै खेलमा २-१ को सेटमा अग्रता लिन सफल भयो ।

दोस्रो सेट एपिएफले २५-१७ ले सहजै आफ्नो पक्षमा पार्दा तेस्रो सेटमा पनि २५-२१ को जित निकाल्न सफल भयो । चौथो सेट पुलिसले २५-२१ ले जित्दै खेललाई २-२ सेटको बराबरीमा ल्याउँदै खेललाई पाँचौ सेटमा लम्ब्याए । निर्णायक तथा पाँचौ सेटमा पुलिसले १५-७ को सहज जित हात पार्दै फाइनलमा स्थान पक्का गर्न सफल भयो ।

यस्तै फाइनलमा प्रवेश गर्ने क्रममा न्यु डायमण्डले आर्मीलाई ३-१ को सेटमा पराजित गरेको हो । पहिलो सेटमा बिर्सनलायक प्रदर्शन गरेपनि त्यसपछिको तीनै सेट जित्न सफल भयो ।

डायमण्डले १७-२५ ले सेट गुमाउन पुगेको थियो । तर, त्यसपछिको सेटमा भने डायमण्डले सानदार प्रदर्शन गर्दै जित निकाल्न सफल भयो । दोस्रो सेट २५-१९ ले जित्दै डायमण्ड खेलमा फर्कियो । तेस्रो सेटमा डायमण्ड २५-१६ ले विजयी हुन सफल भयो । प्रतिस्पर्धात्मक बनेको तेस्रो सेट डायमण्डले २५-१८ ले आफ्नो पक्षमा पार्दै उपाधि नजिक पुग्यो ।

# नापोलीले युभेन्टसलाई हरायो

**काठमाडौं/एजेन्सी–** इटालियन सिरिए फुटबलमा शीर्ष स्थानको नापोलीले तेस्रो स्थानको युभेन्टसमाथि फराकिलो जित दर्ता गरेको छ । जितसँगै शीर्ष स्थानको नापोलीले तालिकामा १० अंकको अग्रता लिएको छ । नापोलीले युभेन्टसलाई ५-१ गोल अन्तरले पराजित गरेको हो ।



जितसँगै नापोलीले १८ खेलबाट ४७ अंक बनाउँदा दोस्रो स्थानमा रहेको एसी मिलान र युभेन्टसको ३७ अंक रहेको छ। एसी मिलानले भने १ खेल कम खेलेको छ। शनिबार राति नापोलीलाई जिताउनका लागि भिक्टर ओसिमहेनले २ गोल गर्दा अमिर रहमानी, केभिचा कोभार ास्केलिया र इलिफ इल्मासले एक एक गोल गरेका थिए। युभेन्टसका लागि एन्जल डी मारियाले १ गोल फर्काए ।

घरेलु मैदानामा नापोलीले १४ औं मिनेटमा अग्रता लिएको थियो । उसका लागि भिक्टरले गोल गर्दै अग्रता दिलाएका थिए । केभिचाले ३९ औं मिनेटमा अग्रता दोब्बर बनाए । यसैगरी ४२ औं मिनेटमा मारियाले गोल फर्काउँदा पहिलो हाफ २-१ को अवस्थामा टुंगिएको थियो ।

५५ औं मिनेटमा अमिरले टिमका लागि तेस्रो गोल गरेका थिए भने भिक्टरले ६५ औं मिनेटमा व्यक्तिगत दोस्रो तथा टिमका लागि चौथो गोल गरेका थिए ।

७२ औं मिनेटमा इलिफले गोल गरेपछि नापोली ५-१ को फराकिलो जित दर्ता गर्न सफल भयो ।

# रग्बी संघको अध्यक्षमा देवकोटा निर्विरोध

**काठमाडौं/मस–** नेपाल रग्बी संघको अध्यक्षमा दिपक देवकोटा निर्विरोध चयन भएका छन् । संघको १० औं चुनावी साधरण सभाले देवकोटाको अध्क्षतामा १२ सदस्यीय केन्द्रीय कार्यसमिती निर्बिरोध चयन गरेको हो ।



यसअघि देवकोटा संघका कार्यवहाक अध्यक्ष थिए। तत्कालिन अध्यक्ष टंकालाल घिसिङ राष्ट्रिय खेलकुद परिषद्को सदस्य-सचिवमा नियुक्त भएसँगै तत्कालिन उपाध्यक्ष देवकोटाले कार्यवहाक अध्यक्षको जिम्मेवारी सम्हालेका थिए ।

साधरण सभाले वरिष्ठ उपाध्यक्षमा चेतनराज गिरी, महासचिवमा गोविन्द घिमिरे, सचिवमा विजय मोक्तान लामा र कोपाध्यक्षमा जेबी दिपक अधिकारीलाई निर्विरोध चयन गऱ्यो । त्यस्तै कामना गिरी, एलिसा थापा, रमेशप्रसाद भट्टराई, रविन केसी, हरिशंकर महतो र इन्द्रबहादुर तामाङ सदस्यमा चुनिए ।

प्रधानमन्त्री कप महिला क्रिकेट

# एपीएफ र लुम्बिनी विजयी

इटहरी/मस- इटहरीमा जारी प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा विभागीय टोली एपीएफ क्लव र लुम्बिनी क्लवले विजयी शुरुवात गरेका छन् ।

इटहरीको जनता क्रिकेट पार्कमा शनिवार सम्पन्न पहिलो खेलमा एपीएफले गण्डकी प्रदेशलाई सात विकेट र लुम्बिनी प्रदेशले कर्णाली प्रदेशलाई ९८ रनको फराकिलो अन्तरले पराजित गर्दै शुक्रवारबाट शुरु भएको प्रतियोगितामा विजयी शुरुवात गरेका हुन् ।



साविक विजेता एपीएफले गण्डकीबाट पाएको ५२ रनको समान्य लक्ष्य ८.४ ओभरमा तीन विकेट गुमाउँदै भेटाउँदै प्रतियोगितामा सुखद् शुरुवात गरेको हो । एपीएफका लागि कप्तान सीता राना मगरले अविजित १९ तथा रोमा थापाले अविजित १४ रनको पारी खेल्दा ओपनर ज्योति पाण्डेले ८ रनको योगदान गरिन् । यस्तै इन्दु बर्मा र सरिता मगर शुन्यमा पेवेलियन फर्किए । बलिङतर्फ गण्डकीका लागि तीनै विकेट कप्तान सृष्टि जैसीले निकालिन् । यस जितसँगै समूह 'ए'को एपीएफले समूह तालिकामा दुई अंक जोड्दा गण्डकीले हारबाट प्रतियोगिताको शुरुवात गरेको छ ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको गण्डकीले पूरै २० ओभरमा सात विकेट गुमाएर मात्र ५१ रनको योगफल बनाउन सक्यो । गण्डकीका लागि कप्तान सृष्टि जैसीले सर्वाधिक १४ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन । १० रन अतिरिक्त पाएको थियो । गण्डकीलाई सस्तैमा रोक्ने क्रममा एपीएफका लागि सुमन बिष्टले तीन तथा नेरी थापा, सुस्मा श्रेष्ठ, सीता राना मगर र राजमती ऐरीले समान एक/एक विकेट हात पारे ।

शनिबार नै सम्पन्न दिनको दोस्रो खेलमा लुम्बिनीले प्रदेशले कर्णाली प्रदेशलाई ९८ रनले पराजित गर्दै प्रतियोगितामा सुखद् शुरुवात गरेको हो । लुम्बिनीबाट पाएको १ सय ४८ रनको लक्ष्य पछ्याएको कर्णाली १८.१ ओभरमा सबै विकेट गुमाएर मात्र ४९ रनमात्र जोड्न सक्यो । जवाफी ब्याटिङ गरेको कर्णालीका लागि यमुना थारुले १३ र किरण कुँवरले १० रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा स्कोर बनाउन सकेनन् । कर्णालीलाई सस्तैमा समेट्ने क्रमममा कृतिका मरासिनी र मधु डिसीले समान तीन तथा सुस्मिता भुसालले दुई विकेट लिए ।

यसअघि जनता क्रिकेट पार्कमा टस जितेर ब्याटिङ रोजेको लुम्बिनीले निर्धारित २० ओभरको समाप्तिमा सात विकेट गुमाएर १ सय ४७ रनको योगफल बनाएको थियो । पहिले ब्याटिङ गरेको लुम्बिनीका लागि लक्ष्मी चौधरीले सर्वाधिक ३३ रन जोड्दा सरस्वती पुनले अविजित ३०, आस्मा पुलामी मगरले १४ र रञ्जु श्रेष्ठले १० रन बनाए । यस्तै कप्तान सरस्वती जिएमले ४ तथा सुस्मिता बजगाई शुन्यमा पवेलियन फर्किएका थिए । कर्णालीले ४३ रन अतिरिक्त दिएको छ । जसमा ४३ बल वाइड बल रहेका थिए । बलिङ तर्फ कर्णालीका लागि यमुना थारु र कप्तान विना थापाले समान दुई/दुई विकेट निकाल्दा रमा बुढाथोकीले एक विकेट हात पारिन् ।

प्रतियोगितामा शुक्रवार पनि दुई खेल हुनेछन् । दिनको पहिलो खेल एपीएफ क्लव र वागमती प्रदेश तथा दोस्रो खेल मधेस प्रदेश र कर्णाली प्रदेशबीच प्रतिष्पर्धा हुनेछ । प्रतियोगितामा एक विभागीय टोलीसहित सात प्रदेशले सहभागिता जनाएका छन् । क्यानको आयोजना भएको प्रतियोगिता ७ माघसम्म चल्नेछ ।

# एस्टन भिल्ला विजयी

**काठमाडौं/एजेन्सी–** इंग्लिस प्रिमियर लिग फुटबलमा एस्टन भिल्ला विजयी भएको छ । शनिबार राति भएको खेलमा एस्टनले लिड्स युनाइटेडलाई २-१ गोलले पराजित गरेको हो ।



एस्टनको जितमा लियोन बेली र इमिलिनो बुएन्डाले एक एक गोल गरेका थिए । लिड्सका लागि प्याट्रिक बामफोर्डले १ गोल फर्काए । तेस्रो मिनेटमै एस्टनले घरेलु मैदानमा अग्रता लिएका थियो ।

लियोन बेलीले गोल गर्दै एस्टनलाई अग्रता दिलाए । ६४ औं मिनेटमा इमिलिनो बुएन्डाले गोल गरेपछि एस्टनले अग्रता २-० बनाएको थियो । तर लिड्का प्याट्रिक बामफोर्डले ८३ औं मिनेटमा गोल गर्दै अग्रता २-१ मा झारे पनि हार भने टरेन ।

जितपछि एस्टन भिल्ला १९ खेलबाट २५ अंकका साथ तालिकाको ११ औं स्थनमा रहेको छ भने पराजित भएको लिड्सले १८ खेलबाट १७ अंक जोड्दै १४ औं स्थानमा रहेको छ ।

# टेबलटेनिस टोली ओमान जाँदै



**काठमाडौं/मस–** विश्व भेट्रान टेबलटेनिस च्याम्पियनसिपमा सहभागी हुन ५ खेलाडीसहित ६ सदस्यीय नेपाली टोली आइतबार ओमानको मस्कट प्रस्थान गर्दैछ।

जनवरी १५ देखि २१ सम्म संचालन हुने च्याम्पियनसिपमा संजय अर्याल, प्रकाशबहादुर धाख्वा, रक्त मानन्धर, राजेन्द्र दुलाल र निम जोशीले विभिन्न उमेरसमूहमा प्रतिस्पर्धा गर्ने छन् । प्रशिक्षकमा अनिता महर्जन रहेकी छन् ।

टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले शनिबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# एथलेटिक्सको रेफ्री तथा प्रशिक्षक प्रशिक्षण सम्पन्न

**काठमाडौं/मस–** प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आयोजनामा भएको एथलेटिक्स खेलको रेफ्री तथा प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ ।



नेपाल एथलेटिक्स संघको प्राविधिक सहयोगमा भएको तालिममा बागमती प्रदेशका १३ जिल्लाका ५५ जना सहभागी थिए । साताव्यापी तालिममा सहभागीलाई एथलेटिक्सका मुख्य प्रशिक्षक चन्द्र गुरुङ, कान्ति महतो, राजेश वज्राचार्य, राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य-सचिव युवराज लामा, दिवाकरलाल अमात्य, डा. ज्ञानेन्द्र शाहलगायतले विविध पक्ष बारे प्रशिक्षण दिएका थिए ।

बागमती प्रदेशले आफ्नै दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले आयोजना गरेको तालिमका सहभागीलाई नेपाल एथलेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाह, आयोजक परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीलगायतले एक कार्यक्रमबीच प्रमाण पत्र प्रदान गरे । सदस्य-सचिव भण्डारीले आगामी दिनमा अन्य खेलको पनि क्रमैसंग तालिम सञ्चालन गर्ने जानकारी गराए ।


**Mahabu Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Gaidabaj, Dailekh**

**Karnali Province, Nepal**

## Invitation for Bids

First Date of Publication: 2079/10/01 (January 15, 2023)

1. Mahabu Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of below listed **execution of works** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and purchase the bidding documents at the office of Mahabu Rural Municipality on the submission of a written application, along with the copy of company/firm registration certificate, tax clearance certificate and upon payment of a non-refundable fee indicated below during office hours.
3. Bidder shall have the option of submitting their bids" by electronic only". [may visit PPMO website www.bolpatra.gov.np.]
4. The Bidder shall be required to deposit the non-refundable fee of NRs. 3,000 in the Internal Revenue account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of Bank: Kumari Bank Limited Branch Mahabu Dailekh.
   Name of office: Mahabu Rural Municipality, Gaidabaj Dailekh.
   **GA.1.1 ANTARIK RAJASWA KHATA: 2440247818600008**
5. For bid security (for cash deposit only) amount Bank description: Name of Bank: **Kumari Bank Ltd Mahabu Branch.** Account no. **2740247818600004** Name of account: **GA3 DHARAUTI KHA-MAHABU GAUPALIKA.**
6. Matters not covered in this notice and other Procurement process remains as per rule of Public Procurement act 2063 and Regulations 2064.
7. The purchaser reserves the right to accept or reject, wholly or partly or all the bids without assigning any reason, whatsoever.
8. For detail: contact in the office directly or through mail: mahabugaupalika74@gmail.com. or call 9858074603
9. The name and identification of the contracts are as follows:

| Identification No. | Description of Works | Estimated Amount (Without VAT, PS and Contingencies) (NRs) | Cost of Bidding Documents (NRs) | Bid Security Amount (NRs) | Validity Of Bid documents/Bid Security (NRs) | Last Date and time of Bid Submission | Bid opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| MRM/NCB/07/079-080 | Kutidada Simaldada Yakpate Lamidada Uttiseni kanshi-kandh Road Construction Work | 79,06,816.56/- | 3,000/- | 2,45,000/- | 120 days after bid opening | 2079/11/02 12:00 PM | 2079/11/01 14:00 PM |

**Chief Administrative Officer**

## स्पार्क हेल्थहोममा कुमारीका ग्राहकले उपचार सहुलियत पाउने



**काठमाडौं/मस** - आफ्ना ग्राहकहरुलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उद्देश्यले कुमारी बैंक लिमिटेड र स्पार्क हेल्थहोम प्राइभेट लिमिटेडबीच सम्झौता भएको छ। सो सम्झौतापत्रमा कुमारी बैंकका डिजिटल मार्केटिङ प्रमुख अर्पण पौडेल तथा स्पार्क हेल्थहोम प्राइभेट लिमिटेडका प्रबन्ध निर्देशक हरी शरण रिजालले हस्ताक्षर गरेका थिए।

सो सम्झौताअनुसार कुमारी बैंक लिमिटेडका ग्राहकहरुले स्पार्क हेल्थहोम प्राइभेट लिमिटेडबाट सेवा लिए वापत कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट-क्रेडिट कार्ड वा मोबाइल बैंकिंङबाट गर्दा उपचार खर्च तथा औषधि सेवाहरूमा १० प्रतिशत सम्म आकर्षक छुट प्राप्त गर्न सक्नेछन्। आगामी दिनहरुमा पनि कुमारी बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई गुणस्तरीय सेवाहरूमा सहुलियत दिन तथा डिजिटल कारोबारमा उत्प्रेरित गर्न आकर्षक योजनाहरु ल्याईरहने जनाएको छ।

आफ्ना देशव्यापी २९९ शाखा सञ्जाल, ३४५ एटिएम, ६२ शाखारहित बैंकिङ ईकाई तथा ४२ एक्सटेन्सन काउन्टरबाट बैंकिङ सेवा सुविधाहरु प्रदान गर्दै आएको कुमारी बैंकले आगामी दिनहरुमा अझ सुरक्षित, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लग्ने प्रतिबद्धता समेत जनाएको छ।

## वायुसेवाले सञ्चय कोषलाई बुझायो ३३ करोड रुपैयाँ

**काठमाडौं/मस** – राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले पछिल्लो पटक शुक्रबार कर्मचारी सञ्चय कोषलाई तिर्नु पर्ने ऋण दायित्वको किस्ता बापतको ३३ करोड ९ लाख ५५ हजार २८१ रुपैयाँ भुक्तानी गरेको छ। कर्मचारी सञ्चय कोषबाट जहाज खरिदका निम्ति ऋण लिएकोमा न्यारोबडी जहाज खरिदको सावाँ र ब्याज बापतको रकम भुक्तानी गरिएको हो।

विगतमा विविध कारणले सञ्चयकोष तथा नागरिक लगानी कोषको ऋण दायित्व भुक्तानी नभइरहेकोमा निगमको व्यवस्थापन वर्तमान नेतृत्वले सम्हालेपछि गत असार ३० गते १ अर्ब ३५ करोड रुपैयाँ र कात्तिक १ गते ७३ करोड ९ लाख ५५,२८१ भुक्तानी गरिसकेको प्रवक्ता अर्चना खड्काले जानकारी दिएकी छन्।

# निर्माणको समयमा क्रसर उद्योग बन्द गर्ने काम भयो : अध्यक्ष सिंह



"क्रसर उद्योग सञ्चालन सम्बन्धी सरकारले बनाएका मापदण्ड नै वैज्ञानिक छैन, त्यो मापदण्डअनुसार क्रसर उद्योगहरु सञ्चालन नै हुन सक्दैन्"

**रवि सिंह**
अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, पुस ३०।

सरकारले काम गर्ने समयमा अनुगमनको प्रकृयामा क्रसर उद्योगहरु बन्द गर्ने काम गरेको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताएका छन्। मध्यान्हसँग कुराकानी गर्दै अध्यक्ष सिंहले सरकारको कामले निर्माण व्यवसाय क्षेत्रमा समस्या सिर्जना भएको बताए। क्रसर उद्योगहरुमाथि सरकारको कारवाहीसँगै निर्माण सामग्रीको मूल्य दोब्बर भन्दा धेरै भएको उनको भनाइ छ।

'गृहमन्त्रालयको डाटाअनुसार १२ सय ५० वटा जति क्रसर उद्योगहरु नेपालमा रहेछन्, त्यसमध्ये छ सय ३५ वटा क्रसर उद्योगहरु गृहका निर्देशनमा बन्द गर्ने काम भएछ, पुस गतेभन्दा अगाडि ४ हजार रुपैयाँमा स्रोतबाट पाउने गिट्टीको मूल्य अहिले आठ हजार देखि ११ हजार पुगेको अवस्था छ, जसलाई काठमाडौंमा ल्याइपुर्याउँदा २८ हजार भन्दा धेरै पर्न जान्छ', उनले भने। अध्यक्ष सिंहका अनुसार जेठ असारबाट बन्द भएको क्रसर क्षेत्र सञ्चालनमा आउने वित्तिकै बन्द हुँदा निर्माण क्षेत्रको काम निकै प्रभावित हुने वातावरण भएको बताए।

'जेठ असारबाट खोलानालामा उत्खनन् बन्द हुने गर्छ, असोजमा खुल्यो, त्यसपछि चाडपर्वका समय आए, मंसिर महिनाभरी चुनावको माहोल रह्यो अब काम गर्ने बेलामा निर्माण सामग्री अभाव हुने अवस्था सिर्जना भयो', उनले भने। सरकारले क्रसर उद्योगहरुमाथि काम नभएको बेलामा अनुगमनको काम गर्नुपर्नेमा अहिले आएर गरेको भन्दै यो सो विषय नमिलेको उनले बताए।

अध्यक्ष सिंहले पेट्रोलियम पदार्थको मूल्यवृद्धि देखि आर्थिक क्षेत्रमा देखिएको समस्याका कारण निर्माण उद्योग क्षेत्रले निकै समस्या भोगेको बताए। 'एकातिर तरलता अभावको कारणले हाम्रो उद्योगहरु समस्याग्रस्त रहेको अवस्था थियो, विगतमा हामीलाई निर्माण सामग्रीका उद्योगीहरुले भनेको समयमा उधारोमा दिने अवस्था थियो, अहिले त्यसो गर्दा उहाँहरुका उद्योग नै नचल्ने अवस्था छ', उनले भने।

महासंघले नयाँ सरकार निर्माण भएपछि मन्त्रीहरुसँगको भेटघाटलाई तिव्रता बनाएको छ। निर्माण क्षेत्रले भोगेको समस्या र त्यसको समाधानको विषयलाई लिएर मन्त्रीहरुलाई भेटघाट गरिएको अध्यक्ष सिंहको भनाइ छ। 'तरलतालाई सम्बोधन गरेर निर्माण सामग्रीको सहज आपूर्तिको व्यवस्था हुने वातावरण निर्माण गर्नुपर्छ, हाम्रो भुक्तानी नभएको कारणले पनि अहिले हामी चलायमान हुन सकिरहेका छैनौं', सिंहले भने। सिंहका अनुसार संघीय सरकारले सञ्चालन गरेका धेरै आयोजना देखि स्थानीय तहहरुले सञ्चालन गरेका धेरै आयोजनाहरुबाट निर्माण व्यवसायीहरुले साउन देखि नै भूक्तानी पाएका छैनन्।

सरकारले क्रसर उद्योगहरु सञ्चालन सम्बन्धी बनाएको मापदण्ड नै वैज्ञानिक नभएको अध्यक्ष सिंहको भनाइ छ। 'क्रसर उद्योग सञ्चालन सम्बन्धी सरकारले बनाएका मापदण्ड नै वैज्ञानिक छैन, त्यो मापदण्डअनुसार क्रसर उद्योगहरु सञ्चालन नै हुन सक्दैन्', उनले भने, नियमन गर्ने निकायहरुलाई एकदम सहज भयो, उहाँहरुले अनियमित भएपछि त्यसबाट अतिरिक्त लाभ लिएर उत्पादन र निकासी गर्न दिनुभयो, त्यसकारणले गर्दाखेरी लागत स्वभाविक रुपमा बढ्यो, त्यसोगर्दा आम उपभोक्तालाई पनि महंगो पर्यो र पूर्वाधारलाई पनि महंगो पर्यो।'

अहिलेको समयमा एउटा व्यवसायीले व्यवसायिक हिसाबले क्रसर उद्योग सञ्चाल गर्न नसक्ने अवस्था रहेको उनको भनाइ छ। दलीय रुपमा समस्याको समाधान खोज्न सक्ने र प्रहरी प्रशासनसँग पहुँच भएको व्यक्तिले मात्रै क्रसर उद्योग सञ्चालन गर्न सक्ने अवस्था रहेको उनले बताए। सरकारले देशैभरी एउटा मापदण्ड बनाएर क्रसर जोन निर्माण गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ छ।

'७७ वटै जिल्लामा कहाँ-कहाँ सम्भावना छ, त्यहाँ मात्रै उद्योग राख्न दिनुपर्यो, पहुँच भएकालाई सहज हिसाबले हुने र त्यसको लागि पनि अतिरिक्त खर्च बुझाउनुपर्ने भएको कारणले पनि उपभोक्ताहरुलाई निर्माण लागत बढ्न पुगेको छ', अध्यक्ष सिंहले भने। क्रसर उद्योग क्षेत्रको यथार्थ विषयमा समेत आँफूहरुले मन्त्रीहरुलाई अवगत गराएको सिंहले बताए। क्रसर उद्योगहरु बन्द हुँदा सिमित व्यवसायी खुसी पनि भएको बताउँदै उनले यही अवस्थामा 'बाहुबली र पहुँच' हुनेको अवस्थामा मात्रै क्रसर उद्योग हुन जाने हुँदा आफूहले समेत सो विषयलाई उठाएको उनको उनको भनाइ छ।

निर्माण व्यवसायको क्षेत्रमा ठूलो आर्थिक अभाव भएको बताउँदै उनले सरकारले त्यसलाई सम्बोधन गर्नुपर्ने, २० प्रतिशत मोबिलाइजेसन दिनुपर्ने भन्दै सरकारकै नीतिको कारणले निर्माण कार्य नहुने तर आलोचित भने व्यवसायी हुने अवस्था रहेको विषयको अन्त्य हुनुपर्ने बताए। निर्माण क्षेत्रमा रहेको समस्या र समाधानको चापी सरकारसँगै रहेको उनको भनाइ छ।

## शिवम् सिमेन्ट्स लिमिटेडको वार्षिक साधारण सभा सम्पन्न

**हेटौंडा/मस** – शिवम् सिमेन्ट्स लिमिटेडले आ.व. २०७८/०७९को सातौं वार्षिक साधारण सभा २०७९/०९/२९ गते शुक्रवारका दिन हेटौंडमा सम्पन्न गरेको छ। कम्पनीका कार्यकारी अध्यक्ष सुरेन्द्र कुमार गोयलको अध्यक्षतामा बसेको उत्त ा वार्षिक साधारण सभामा आ.व. २०७८/०७९को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई १०.५३ (दश दशमलव पाँच तीन) प्रतिशतका दरले (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव सहितका प्रस्तावहरु पारित भएको छ।

उक्त सभाबाट आगामी ४ बर्षे कार्यकालका लागि रोहित गुप्ता, गौरव गोयल, रघुनन्दन मारु, गौरव शारडा र शैलजा राई गरी जम्मा ५ जना संचालकहरु निर्वाचित गरेकोमा सभास्थलमा बसेको नवनिर्वाचित संचालकहरुको बैठकबाट संचालक गौरव गोयललाई संचालक समितिको अध्यक्ष पदमा चयन गरेको छ। साथै, सोही सभाबाट संचालक समितिले नियुक्तीका लागि निर्णय गरी अनुमोदनका लागि सिफारिस गरे बमोजिम नेपाल सरकारका पूर्व सचिव समेत रहेका भएका चन्द्र कुमार घिमिरेलाई स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक पदमा नियुक्तीको अनुमोदन समेत गरी ६ सदस्यीय संचालक समिति गठन गरेको हो।

उक्त सभाबाट आ.व. २०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन पारित गर्दै आ. व. २०७९/०८० को आय-व्ययको लेखापरीक्षण कार्य गर्नका लागि सुबोध एशोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्ट, काठमाडौंलाई लेखापरिक्षकमा नियुक्ती गरी पारिश्रमिक निर्धारण गर्ने निर्णय पारित गर्नुका साथै कम्पनीमा आवद्ध रही उत्कृष्ट कार्य सम्पादन गर्ने केही कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्य समेत गरेको थियो।

## मुक्तिनाथ विकास बैंकले १४.२१ प्रतिशत लाभांश दिने




**काठमाडौं/मस** - मुक्तिनाथ विकास बैंक लिमिटेडले शेयरधनीहरुलाई बोनस शेयर र नगद लाभांश दिने भएको छ। शनिबार पोखरामा आफ्नो सोह्रौं वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट शेयरधनीहरुलाई १४.२१०५ प्रतिशत लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको हो। उक्त लाभांश मध्ये १३.०५ प्रतिशत बोनस शेयर रहने छ भने बाँकी कर प्रयोजनको लागि नगद लाभांश हुनेछ।

बैंकका सञ्चालक समितिका अध्यक्ष भरतराज ढकालको अध्यक्षतामा सम्पन्न सभाले लेखा परीक्षकको नियुक्ति लगायतका सामान्य प्रस्ताव पनि पारित गरेको छ। साधारण सभामा अध्यक्ष खगेन्द्रराज रेग्मीले सञ्चालक समितिको तर्फबाट आव २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटीएम कार्ड प्रयोग गरी नेपालभरी रहेको भिसा नेटवर्कमा आबद्ध अन्य जुन सुकै बैंकको एटीएम मेसिनबाट नगद झिक्दा शुल्क नलाग्ने व्यवस्था गरेको छ।

# सहकारीको नियमित अनुगमन गर्दै काठमाडौं महानगरपालिका




**काठमाडौं/मस** – अनियमितता गर्ने सहकारीको संख्या दैनिकरुपमा बढिरहेको गुनासो आएपछि काठमाडौं महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सहकारीको नियमितरुपमा अनुगमन गर्ने भएको छ। कामपाको सहकारी विभागले ३२ वटै वडामा रहेका सहकारीको अनुगमन गर्ने भएको हो। नागरिकसँग लिएको पैसा समयमा नै फिर्ता नगरेर उजुरी परेका सहकारीलाई ध्यानमा राखेर महानगरपालिकाले अनुगमन तीव्र बनाएको हो।

वडागतरुपमा सहकारी संख्याका आधारमा अनुगमन गरिनेछ। नागरिकलाई ठगी गर्ने सहकारीको संख्या धेरै रहेको उजुरी आएकाले अनुगमन गर्न लागिएको कामपाका सहकारी विभाग प्रमुख देवेन्द्र पोखरेलले जानकारी दिए। 'पहिलो चरणमा नियम बाहिर रही सञ्चालन भएका र बचतकर्ताको रकम फिर्ता गर्न आनाकानी गरिरहेका सहकारीको अनुगमन गरिनेछ', उनले भने। दोस्रो चरणमा अन्यलाई अनुगमन गरी आवश्यकताअनुरुप निर्देशन दिइने विभागका प्रमुख पोखरेलले बताए।

अनुगमनका क्रममा कामपाले दिएको निर्देशन पालना नगरे सहकारी ऐनअनुरुप कारवाहीको प्रक्रिया अघि बढाउने कामपाको तयारी छ। सबै सहकारी काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ अनुसार सञ्चालन भएका छन्। पछिल्लो २० दिनयता रकम ठगी गरेको भन्दै उजुरी गर्नेको संख्यामा कमी आए पनि विगतका वर्षको तुलनामा यस वर्ष अत्यधिकमात्रामा ठगीका उजुरी परेकाले कामपाले अनुगमन गर्ने तयारी गरेको हो।

कामपामा एक महिनाअघि दैनिक १५ वटासम्म उजुरी आउने गरेको थियो। अहिले दैनिक तीन/चार वटा उजुरी आउने गरेको बताइएको छ। अनुगमनको काम तत्काल शुरु गर्न टोली गठनको तयारी भइरहेको छ।

## वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्थाको २१ औं साधारणसभा सम्पन्न

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३० पुस



वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २१ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। पुस १६ गते देखि शुरु भएको सुर्खेत जिल्लाकै सबै भन्दा उत्कृष्ट संस्थाको २१ औं साधारण सभा शनिबार वीरेन्द्रनगरमा सम्पन्न भएको हो। पहिलो दिन पुस १६ गते पञ्चपुरी नगरपालिकाको बाबियाचौर, गुटु र बड्डीचौर, दोस्रो दिन पुस १८ गते चिङ्गाड गाउँपालिकाको मटेला, तेस्रो दिन पुस २० गते सिम्ता गाउँपालिकाको जामुने बजारमा साधारण सभा गरिएको थियो। यस्तै पुस २१ गते र गुर्भाकोट नगरपालिकाको मेहेलकुना र भेरीगंगा नगरपालिकाको जहरे, २२ गते भेरीगंगा नगरपालिकाको छिन्चुमा, पुस २६ गते वीरेन्द्रनगर नगरपालिका पिपिर, यरिचोक, बाङ्गेसिमल र मुख्य कार्यलय र अन्तिम दिन पुस ३० गते वीरेन्द्रनगरमा उक्त संस्थाको २१ औं साधारण सभा सम्पन्न गरेको हो।

उक्त साधारणसभाले नयाँ सञ्चालक समिति सर्वसम्मत चयन गरेको छ। सहकारी सञ्चालन समितिको अध्यक्षमा बमबहादुर बिसी निर्विरोध निर्वाचित भएका छन्। वरिष्ठ उपाध्यक्षमा श्याम पौडेल, उपाध्यक्षमा रेश्मा उपाध्याय र सचिवमा रमेशकुमार सापकोटासहित १५ सदस्यीय सहकारी सञ्चालन समितिमा निर्विरोध निर्वाचित गरिएको छ। हालसम्म यस सहकारीका सुर्खेत जिल्लाका विभिन्न ठाउँमा गरेर १२ वटा शाखाहरु सञ्चालनमा छन् भने २० हजार भन्दा बढी सेयर सदस्य रहेका छन्। यस्तै सभाले संचालक समितिको वार्षिक प्रगति प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गरेको छ। विभिन्न नीति तथा कार्यविधिहरु स्वीकृत गरी आगामी आर्थिक वर्षका लागि लेखा परिक्षक नियुक्त र पारिश्रमिक निर्धारण गरेको जनाइएको छ। सञ्चालक समितिको सचिवमा निर्वाचित भएसँगै रमेशकुमार सापकोटाले निर्विरोध निर्वाचित अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी, संचालक समिति सदस्यहरु, लेखा सुपरिवेक्षण समिति संयोजक तथा सदस्यहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना समेत दिएका छन्। यस्तै उनले संचालक समिति र लेखा सुपरिवेक्षण समितिलाई निर्विरोध निर्वाचित गराउन सहयोग गर्ने सम्पूर्ण शेयर सदस्यहरु तथा निर्वाचन समितिका संयोजक दुर्गाप्रसाद सापकोटा लगायत सदस्यहरुलाई धन्यवाद व्यक्त गरेका छन्।

साथै सापकोटाले संस्थाका प्रमुख कार्यकारी अधिकृत छत्रबहादुर थापालगायत सम्पूर्ण कर्मचारीहरू धन्यवाद दिए। साधारण सभामा उपस्थित भएका शेयर सदस्यहरुको साथ र सहकार्यले आगामी दिनमा संस्थाले थप उचाई हासिल गर्नेसमेत अपेक्षा रहेको उनको भनाइ थियो।

## बुद्धले काठमाडौं–तुम्लिङटारमा एटीआर–७२ले उडान गर्ने



**काठमाडौं/मस** – बुद्ध एयरले माघ ६ गतेबाट काठमडौं-तुम्लिङटार एटीआर-७२ सिरिजको जहाजमार्फत उडान गर्ने भएको छ। हाल एटीआर-४२ सिरिजको जहाजमार्फत उडान गरिरहेको छ। नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृति पाएसँगै एटीआर-७२ बाट उडान गर्न लागेको हो।

ठूलो जहाजमार्फत सेवा सुरु भएसँगै भाडादर सस्तिने कम्पनीका सुचना अधिकारी दीपेन्द्रकुमार कर्णले बताए। अधिकतम एकतर्फी भाडादर सात हजार छ सय ९५ रुपैयाँ रहेकोमा अब सुरुवाती भाडादर ५५ सय रुपैयाँ पर्ने उनको दाबी छ।

साताको सातवटा उडान गर्दै आएको कम्पनीले एटीआर-७२ मार्फत प्रत्येक उडानमा शुरुमा ६५ जना यात्रुलाई सेवा दिने उनले बताए। गत वर्ष जेठमा कम्पनीले एटीआर-७२ मार्फत परिक्षण उडान गरेको थियो।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**